INTERNATIONAL IDEA
INSTITUTE FOR DEMOCRACY AND ELECTORAL ASSISTANCE


RDF

# समानताका लागि प्रारुप

*निर्वाचन प्रणाली र लैङ्गिक कोटाको*
*सर्वोत्तम, साधारण र अनुपयुक्त सम्मिश्रण*



# The Electoral Systems of the World




# Key

- FPTP – First Past the Post
- TRS – Two Round System
- AV – Alternative Vote
- BV – Block Vote
- PB V – Party Block Vote
- Parallel – Parallel
- MMP – Mixed Member Proportional
- List PR – List Proportional Representation
- STV – Single Transferable Vote
- SNTV – Single Non-Transferable Vote
- LV – Limited Vote
- Modified BC – Modified Borda Count
- No provisions for direct elections

The electoral systems for national legislatures – unicameral or lower houses – of independent countries and related territories.
Territories are included where they have no direct representation in a legislature of the country with which they are associated.

# समानताका लागि प्रारुप

*निर्वाचन प्रणाली र लैङ्गिक कोटाको*
*सर्वोत्तम, साधारण र अनुपयुक्त सम्मिश्रण*


*लेखक*
Stina Larserud and Rita Taphorn (स्टिना लार्सेरुद र रिता टाफोर्न)

*सम्पादन तथा अनुवाद*

उदय नेपाली श्रेष्ठ
सरिता गिरी
कृष्णमान प्रधान
पुष्पा भुषाल
विदुर के.सी.

अन्तर्राष्ट्रिय आईडीईएका प्रकाशनहरू कुनै राष्ट्र विशेष वा राजनीतिक स्वार्थबाट स्वतन्त्र छन् । यस प्रकाशनमा व्यक्त गरिएका विचारहरूले स्वभावतः अन्तर्राष्ट्रिय आईडीईए, यसका सञ्चालक समिति वा परिषद् सदस्यहरूका विचारलाई प्रतिनिधित्व गर्दैनन् । यस पुस्तकमा प्रस्तुत गरिएका नक्साहरूले कुनै स्वशासित क्षेत्रको कानूनी हैसियत वा तिनका सिमाना सम्बन्धमा यस संस्थाको विचार दर्शाउँदैनन्, न त यसमा दिइएका नक्सा र आकारले कुनै मुलुक वा स्वशासित क्षेत्रका सम्बन्धमा यो संस्थाको राजनीतिक विचारधाराको नै प्रतिनिधित्व गर्दछ । विषयवस्तुलाई स्पष्ट गर्ने उद्देश्यबाट यी नक्साहरू सिर्जना गरिएका हुन् ।

सर्वाधिकार © International Institute for Democracy and Electoral Assistance 2007 र Rural Development Foundation (ग्रामीण विकास प्रतिष्ठान)

यस प्रकाशनको पुनःमुद्रण वा सम्पूर्ण या कुनै अंशको अनुवादका लागि अनुमति प्राप्त गर्न निम्न ठेगानामा निवेदन दिनुपर्ने छः

International IDEA
SE- 103 34 Stockholm
Sweden

ग्रामीण विकास प्रतिष्ठान
काठमाडौं-११
बबरमहल
नेपाल

अन्तर्राष्ट्रिय आईडीईए आफ्नो रचनाको सूचना सम्प्रेषणलाई प्रोत्साहन गर्दछ र यसका प्रकाशनहरूलाई पुनः मुद्रण वा अनुवादका लागि अनुरोध गरिएमा तुरुन्त जवाफ दिने छ ।

***अंग्रेजी संस्करणको***

| | | |
|---|---|---|
| आवरण र नक्सा प्रारुपकर्ता | : | Magnus Alkmar (म्याग्नस अल्कमार) (निर्वाचन प्रणालीको प्रारुपः अन्तर्राष्ट्रिय आईडीईए, स्टकहोम, २००५ को नयाँ हातेपुस्तकको सिंहावलोकनबाट ग्रहण गरिएको) |
| आवरण | : | Anoli Perera (अनोली पेरेरा) |
| ग्राफिक नमुनाकार | : | Trydells Form (ट्राइडेल्स फोर्म) |
| मुद्रक | : | Trydells Tryckeri AB, Sweden (ट्राइडेल्स ट्राइकेरी एबी, स्वेडेन) |
| ISBN | : | 978-91-85391-96-7 |

| | | |
|---|---|---|
| नेपाली संस्करण | : | २०६४ जेठ (May, 2007) |
| मुद्रक | : | Dots & Lines Graphic Arts (P) Ltd<br>Kathmandu Nepal, Tel: 4359174 |
| ISBN | : | 978-91-85724-12-3 |

This is a translation of the original English version of the "Designing for Equality: Best-fit, medium-fit and non-favourable combinations of electoral system and gender quotas" (Stockholm, Sweden: International IDEA 2007). The accuracy of the translation, undertaken by the Rural Development Foundation, Babarmahal, Kathmandu was not verified by International IDEA. In case of doubt, the original version prevails ISBN 978-91-85391-96-7.

# विषय–सूची


| | | |
|---|---|---|
| १ | परिचय र पृष्ठभूमि | ४ |
| २ | निर्वाचन प्रणालीहरू के हुन् ? | ५ |
| ३ | कोटा के हो ? | ८ |
| ४ | महिलाको प्रतिनिधित्वलाई प्रभाव पार्ने निर्वाचन प्रणालीका तत्वहरू | १० |
| ५ | निर्वाचन प्रणाली र कोटाको सम्मिश्रणः परिणाम | १२ |
| ६ | महिलाको प्रतिनिधित्वमा असर पार्ने अन्य तत्वहरू | १७ |
| ७ | निष्कर्ष र सिफारिस | १९ |
| ८ | टिप्पणी | २० |
| ९ | थप अध्ययन सामग्री | २० |
| १० | शब्दावली | २२ |
| ११ | ग्रामीण विकास प्रतिष्ठानका बारेमा | २६ |

## १. परिचय र पृष्ठभूमि

अन्तर-व्यवस्थापिका संघ (Inter-Parliamentary Union) को[1] तथ्याङ्कअनुसार सन् २००७ को जनवरीमा राष्ट्रियस्तरका विधायिकाहरूमा विश्वमा महिला सदस्यहरूको औसत अनुपात १७.२ प्रतिशत मात्र रहेको पाइयो । यो पनि विश्वभरका मुलुकहरूले राजनीतिमा महिलाको प्रतिनिधित्व कम रहेको तथ्यलाई स्वीकार गरी महिलालाई राजनीति र राष्ट्रिय विधायिकामा प्रवेशको लागि सहयोग गर्ने उपायहरू अवलम्बन गरेको फलस्वरुप भएको हो । राष्ट्रिय विधायिकामा महिलाको प्रतिनिधित्व ३० प्रतिशत पुऱ्याउन जोड दिँदै सन् १९९५ मा बेजिङ्ग प्रक्रिया सुरु गरियो । पुरुषले प्रभुत्व जमाइरहेको यस क्षेत्रमा अर्को परिवर्तन ल्याउन महिलाबाट सार्थक योगदानको आवश्यकता महसुस गरिंदा यो ३० प्रतिशतलाई "महत्वपूर्ण समुदाय" को रुपमा हेरिएको छ । हालका वर्षहरूमा थोरै सुधार देखिए तापनि राष्ट्रिय विधायिकामा महिलाको प्रतिनिधित्व ३० प्रतिशतभन्दा बढी पुऱ्याउने लक्ष्य सन् २००७ को जनवरीसम्ममा विश्वका १९ मुलुकहरूले मात्र पूरा गर्न सकेका छन् ।[2]

राजनीतिमा प्रवेशका लागि महिलाहरूले आफ्ना पुरुष सहकर्मीहरूका तुलनामा प्रशस्त अवरोध सामना गर्नु पर्दछ । प्रजातन्त्र र निर्वाचन सहयोगका लागि अन्तर्राष्ट्रिय संस्था (अन्तर्राष्ट्रिय आईडीईए) ले Women in Parliament: Beyond Numbers (2005) नामक पुस्तकको संशोधित संस्करण प्रकाशमा ल्याएको छ जसले ती चुनौतीहरूका साथै समाधान गर्ने उपायहरूका सम्बन्धमा विस्तृत प्रकाश पारेको छ । महिलाको निम्ति कोटाको प्रयोग गर्नु भनेको तिनलाई राष्ट्रिय विधायिकामा पहुँच पुऱ्याउन सुनिश्चित गर्ने द्रुत मार्ग (fast-track) हो ।

महिलालाई राजनीतिमा प्रवेश गर्न अवरोध पुऱ्याउने राजनीतिक, सामाजिक-आर्थिक र मनोवैज्ञानिक कारणहरू बाहेक, (राष्ट्रिय) विधायिकामा महिला निर्वाचित हुने सम्भावनालाई असर पार्ने एक महत्वपूर्ण तत्व भनेको त्यस मुलुकमा प्रचलित निर्वाचित प्रणाली हो । अन्तर्राष्ट्रिय आईडीईएले निर्वाचन प्रणालीको प्रारुपः अन्तर्राष्ट्रिय आईडीईएको नयाँ हातेपुस्तक (२००५) मा खास किसिमका निर्वाचन प्रणालीहरूलाई विस्तृतमा प्रकाश पारेको छ ।

यस प्रकाशनले माथि उल्लेख गरिएका अन्तर्राष्ट्रिय आईडीईएका दुई पुस्तकमा दर्शाइएका विषयहरू एकैसाथ प्रकाश पार्दछ । यसले विभिन्न किसिमका कोटासँग विविध निर्वाचन प्रणाली कत्तिको मिल्छ भन्ने कुराको सिंहावलोकन गर्दछ र निर्वाचन प्रणाली तथा कोटाको विभिन्न सम्मिश्रणबाट महिलाको प्रतिनिधित्व कसरी बढाउन सकिन्छ भन्ने कुराको मूल्याङ्कन गर्दछ । यसले राजनीतिमा महिलाको प्रतिनिधित्व वृद्धिका लागि काम गरिरहेका व्यक्तिहरूलाई सन्दर्भ सामाग्रीको रुपमा मद्दत पुऱ्याउने उद्देश्य राख्छ ।

## २. निर्वाचन प्रणालीहरू के हुन् ?

यस अध्यायमा, विभिन्न किसिमका निर्वाचन प्रणालीमाथि प्रकाश पार्दै व्यापक दायरामा सम्भावित परिदृष्यहरू वर्णन गरिएका छन् । एक मुलुकमा छनौट गरिएको निर्वाचन प्रणालीले महिलाको राजनीतिक सहभागितामा प्रत्यक्ष तवरमा प्रभाव पार्दछ ।

### २.१ निर्वाचन प्रणालीको परिभाषा

निर्वाचन प्रणालीका धेरै परिभाषा छन् । त्यसमा सानातिना प्रशासनिक विवरणदेखि बृहत् राजनीतिक सन्दर्भसम्मलाई समय-समयमा निर्वाचन प्रणालीको रुपमा उल्लेख गरिएको हुन्छ । यहाँ प्रतिनिधित्वलाई असर पार्ने सिलसिलामा निर्वाचन प्रणालीलाई यसरी परिभाषित गरिएको छः

*मतलाई निर्वाचित स्थानमा कसरी रुपान्तरण गरिन्छ भन्ने तरिका*

निर्वाचन प्रणालीका मुख्य तीन तत्वहरू यस प्रकार छन्:

- निर्वाचन क्षेत्रको व्यापकता–एक निर्वाचन क्षेत्रबाट कति प्रतिनिधि निर्वाचित गरिन्छन् भनेर निर्धारण गर्ने,
- सूत्र–कुनै निर्वाचित स्थानको विजेता कसरी छनौट गरिन्छ भनेर निश्चित गर्ने, र
- मतपत्रको संरचना–मतदाताले कुनै एक उम्मेदवार वा दललाई मतदान गर्न पाउने वा मतदाताले एउटा मात्र छनौट गर्ने वा रोजाइका क्रम अनुसार एक भन्दा बढीका लागि मतको अभिव्यक्ति प्रकट गर्न पाउने भनी निर्धारण गर्ने,

मतलाई निर्वाचित स्थानमा कसरी रुपान्तरण गरिन्छ भन्ने प्रक्रियाको आधारमा निर्वाचन प्रणालीलाई विभिन्न परिवारमा वर्गीकरण गर्न सकिन्छ । अन्तर्राष्ट्रिय आईडीईएले तीन मुख्य परिवार पहिचान गरेको छः बढीमत/वहुमत, मिश्रित र समानुपातिक प्रणाली । साथै, निर्वाचन प्रणालीको चौथो परिवार पनि छ, जुन तीन मुख्य प्रणालीसँग सजिलै मिलान हुँदैन । यी चार परिवारभित्र १२ वटा भिन्न प्रणालीहरू पहिचान गर्न सकिन्छ ।

### २.२ निर्वाचन प्रणालीका प्रकार

*सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व*

समानुपातिक प्रतिनिधित्वका लागि एकभन्दा बढी सदस्य निर्वाचित हुनसक्ने निर्वाचन क्षेत्र आवश्यक पर्दछ । सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीमा, प्रत्येक दल वा समूहले वहुसदस्यीय निर्वाचन क्षेत्रका लागि उम्मेदवारहरूको एक सूची प्रस्तुत गर्दछन् । मतदाताहरूले दलका निम्ति मतदान गर्दछन् र दलहरूले पाएको सम्पूर्ण मतको हिस्साको अनुपातमा स्थान पाउँछन् । कुनै प्रणालीमा (बन्द सूची), सूचीमा रहेको तिनको स्थानको क्रमअनुसार विजयी उम्मेदवारको रुपमा लिइन्छ । यदि सूची "खुला" र "स्वतन्त्र" किसिमका छन् भने मतदाताले आफ्ना वैयक्तिक प्राथमिकता इङ्गित गरेर उम्मेदवारहरूको क्रमलाई प्रभाव पार्नसक्छन् ।

*पहिलो हुने निर्वाचित हुने*

पहिलो हुने निर्वाचित हुने प्रणाली बढीमत/वहुमत निर्वाचन प्रणालीको सबैभन्दा सरल रुप हो । यस प्रणालीमा विजयी उम्मेदवार भनेको त्यो हो जसले अन्य उम्मेदवारको भन्दा बढी मत ल्याएको हुन्छ। त्यस्तो मत पूर्ण वहुमत (५० प्रतिशतभन्दा अधिक) नभए पनि हुन्छ। यो प्रंणालीले एकल-सदस्यीय निर्वाचन क्षेत्र प्रयोग गर्दछ र मतदाताहरूले राजनीतिक दलहरूलाईभन्दा उम्मेदवारलाई मत प्रदान गर्दछन् ।

*दुई-चरण प्रणाली*

दुई-चरण प्रणाली बढीमत/वहुमत प्रणालीमा पर्दछ जसमा कुनै उम्मेदवार वा दलले प्रथम चरणको निर्वाचनमा मतको निर्धारित स्तर अर्थात् सामान्यतः पूर्ण वहुमत (५० प्रतिशतभन्दा बढी) ल्याउन नसकेको अवस्थामा दोस्रो चरणको निर्वाचन हुन्छ । दुई-चरण प्रणालीले बढीमत/वहुमत प्रणालीको स्वरुप त्यस्तो अवस्थामा लिन्छ जब दुईभन्दा बढी उम्मेदवारहरू दोस्रो चरणका लागि प्रतिस्पर्धा गर्छन् र दोस्रो चरणमा पूर्ण वहुमत नल्याए पनि सबैभन्दा बढी मत ल्याउने विजयी हुन्छ । यसले वहुमत दौडको स्वरुप त्यसबेला लिन्छ जब प्रथम चरणको माथिल्लो स्थानमा रहेका दुई उम्मेदवारहरू मात्र दोस्रो चरणका लागि प्रतिस्पर्धा गर्दछन् ।

*समानान्तर प्रणाली*

समानान्तर प्रणाली एउटा मिश्रित प्रणाली हो जसमा मतदाताले प्रतिनिधि छनौट दुई भिन्न प्रणालीको प्रयोगबाट व्यक्त गर्दछन्: एक, सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली र (सामान्यतः) अर्को बढीमत/वहुमत प्रणाली। तर, यसमा सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीको परिणामको बढीमत/वहुमत प्रणाली अनुसार हिसाब गर्दा निर्वाचित स्थानको सम्बन्धमा ध्यान दिंइदैन ।

*मिश्रित सदस्य समानुपातिक*

मिश्रित सदस्य समानुपातिक एक मिश्रित प्रणाली हो, जसमा मतदाताले प्रतिनिधिको छनौट गर्दा दुई भिन्न प्रणालीको प्रयोगबाट मत व्यक्त गर्दछन्- एक (धेरैजसो अवस्थामा) बढीमत/वहुमत प्रणाली, सामान्यतः एकल-सदस्यीय निर्वाचन क्षेत्रमा र अर्को सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली । यस प्रणालीमा बढीमत/वहुमत प्रणाली अन्तर्गतको परिणामले पैदा गरेको कुनै अमिल्दो अनुपातको क्षतिपूर्ति गर्न समानुपातिक प्रतिनिधित्वको स्थान प्रदान गरिन्छ ।

*एकमुष्ट मत*

एकमुष्ट मत वहुसदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग गरिने बढीमत/वहुमत प्रणाली हो । मतदाताहरूसँग आफ्नो निर्वाचन क्षेत्रबाट जति उम्मेदवार निर्वाचित गरिनुपर्ने हो त्यति नै मत रहन्छ। कुल मतको सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारहरूले स्थानमा विजय हासिल गर्छन् । साधारणतया मतदाताले दलहरूलाई भन्दा उम्मेदवारलाई मतदान गर्दछन्। अधिकांश प्रणालीमा मतदाताले आफ्नो इच्छाअनुसार बढीभन्दा बढी वा थोरै मत प्रयोग गर्नसक्छन् ।

*सीमित मत*

सीमित मत भनेको वहुसदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग हुने उम्मेदवार केन्द्रित निर्वाचन प्रणाली हो, जसमा मतदातालाई एकभन्दा बढी मत प्राप्त हुन्छ, तर त्यहाँका

मतदाताहरूलाई कुल निर्वाचित हुने उम्मेदवारको संख्याभन्दा केही कम मतको अधिकार दिइन्छ । कुल मतमा सबैभन्दा बढी मत पाउने उम्मेदवारले स्थान विजय हासिल गर्छ ।

*एकल असङ्क्रमणीय मत*

एकल असङ्क्रमणीय मत प्रणाली अन्तर्गत मतदाताहरूले एक वहुसदस्यीय निर्वाचन क्षेत्रमा एक मतदान गर्दछन् । कुल मतको सबभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारहरू विजयी भएको घोषणा गरिन्छ । मतदाताहरूले राजनीतिक दलहरूलाईभन्दा उम्मेदवारहरूलाई मतदान गर्दछन् ।

*दलगत एकमुष्ट मत*

यो वहुसदस्यीय निर्वाचन क्षेत्रका लागि प्रयोग हुने बढीमत/वहुमत प्रणाली हो, जसमा मतदाताहरूले आफ्नो छनौटका दललाई एकल-दल केन्द्रित मतदान गर्दछन् र उम्मेदवारहरूका लागि मतदान गर्दैनन् । सबभन्दा बढी मत प्राप्त गर्ने दलले निर्वाचन क्षेत्रको प्रत्येक स्थान जित्दछ ।

*वैकल्पिक मत*

वैकल्पिक मत भनेको एकल-सदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग हुने रोजाइ सहितको बढीमत/वहुमत प्रणाली हो । मतदाताहरूले मतपत्रमा आफ्नो प्राथमिकताक्रम सङ्केत गर्न अङ्क प्रयोग गर्दछन् । पहिलो प्राथमिकताक्रमको सदर मतको पूर्ण वहुमत (५० प्रतिशतभन्दा बढी) प्राप्त गर्ने उम्मेदवार विजयी भएको घोषणा गरिन्छ । यदि पहिलो प्राथमिकताक्रमको पूर्ण वहुमत कुनै उम्मेदवारले प्राप्त गर्न नसकेमा सबैभन्दा कम मत ल्याउने उमेदवारहरूलाई हटाइन्छ र उनीहरूले प्राप्त गरेको दोस्रो प्राथमिकताको मतलाई त्यसबेलासम्म पुनः बाँडफाँड गरिन्छ जबसम्म कुनै उम्मेदवारले पूर्ण बहुमत प्राप्त गर्दैन । मतदाताहरूले राजनीतिक दललाईभन्दा उम्मेदवारहरूलाई मतदान गर्दछन् ।

*एकल सङ्क्रमणीय मत*

एकल सङ्क्रमणीय मत वहुसदस्यीय निर्वाचन क्षेत्रमा प्राथमिक रोजाईसहितको प्रणाली हो, जसमा मतदाताले उम्मेदवारलाई प्राथमिकता तोकेर मतदान गर्दछन् र प्रथम रोजाईको आधारमा निर्वाचित निर्वाचन कोटा नघाउने उम्मेदवार तत्कालै निर्वाचित हुन्छ । त्यसपछिका मतगणनाहरूमा सबभन्दा कम मत पाउने उम्मेदवारहरूलाई हटाई उनीहरूले प्राप्त गरेको मत पुनः वितरण गरिन्छ (दोस्रो र त्यसपछिका रोजाईको आधारमा) र निर्वाचन कोटाबाट सफल उम्मेदवारहरूको वचत मतलाई पर्याप्त संख्यामा उम्मेदवार विजय घोषणा नभएसम्म पुनः वितरण गरिन्छ । यद्यपि यसमा मतदाताले दललाई भन्दा सामान्यतः उम्मेदवारलाई मतदान गर्दछन् ।

*प्राथमिकता गणना*

प्राथमिकता गणना एकल वा वहुसदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग हुने उम्मेदवार-केन्द्रित प्राथमिकता प्रणाली हो । मतदाताले आफ्नो प्राथमिक चाहना सङ्केत गर्न मतपत्रमा अङ्क दिन्छन् र सङ्केत गरिएको प्रत्येक प्राथमिकतालाई समान प्रकृया प्रयोग गरी मूल्यमा तोकिन्छ । त्यसलाई हिसाब गरिन्छ र सबभन्दा बढी अङ्क ल्याउने उम्मेदवार निर्वाचित भएको घोषणा गरिन्छ ।

## ३ कोटा के हो ?

महिलाको निम्ति कोटाको व्यवस्था गर्नु भनेको उनीहरूलाई आफ्ना पुरुष सहकर्मीहरू सरह राजनीतिमा प्रवेश गर्नबाट वञ्चित गर्ने अवरोधहरूलाई हटाउन सहयोग पुऱ्याउने सकारात्मक कार्य हो । यो अध्यायमा कोटाका प्रकारहरूका बारेमा सिंहावलोकन गरिएको छ र ती कसरी कार्यान्वयन गरिन्छन् भनेर वर्णन गरिएको छ । कैयौं प्रकारका कोटा र कार्यान्वयन विधि अपनाउन सकिने सम्भावना हुन्छ । महिलाको राजनीतिक सहभागिता अभिवृद्धिको उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउन कोटाले कसरी कार्य गर्छ भनेर पूर्ण जानकारी लिनु आवश्यक हुन्छ ।[३]

### ३.१ कानूनी विरूद्ध स्वेच्छिक कोटा

विभिन्न प्रकारका कोटा प्रथा छन् र खासगरी एकातर्फ स्वेच्छिक दलीय कोटा र अर्कोतर्फ संवैधानिक तथा कानूनी कोटा प्रमुख छन् ।

संवैधानिक कोटा मुलुकको संविधानमा नै निर्दिष्ट गरिएको हुन्छ जबकि कानूनी कोटालाई निर्वाचन कानून, राजनीतिक दलको कानून अथवा मुलुकको अन्य तुलनात्मक कानूनमा दर्शाइएको हुन्छ । परिभाषाअनुसार नै यी दुबै प्रकारका कोटा कानूनी प्रावधानमा आधारित छन् । निर्वाचनमा भाग लिने सबै राजनीतिक संस्थाहरू यी कानूनलाई उत्तिकै पालना गर्न बाध्य हुन्छन् । कानूनी अथवा संवैधानिक कोटासम्बन्धी व्यवस्थालाई पालना गरिएन भने त्यस्तो पालना नगर्ने राजनीतिक संस्थाहरूले दण्डको परिणाम भोग्नुपर्ने छ । मुलुकको कानूनी अधिकारीले दिने आदेशका उदाहरणमा उम्मेदवारलाई अयोग्य गर्नेदेखि जरिबाना गर्ने तथा दल पूरैलाई अयोग्य गर्नेसम्मका हदका दण्ड हुन्छन् ।

स्वेच्छिक दलीय कोटा राजनीतिक दलहरूबाट स्वेच्छिक तवरमा अवलम्बन गरिन्छ । यस्तो कोटामा राजनीतिक दलहरू स्वयंले निश्चित सङ्ख्यामा महिलाको मनोनयन गर्ने वा अनुपातको व्यवस्था गर्ने कुराको प्रत्याभूति गर्दछन् । यसको नामले नै खुलासा गरेअनुसार स्वेच्छिक दलीय कोटा कानूनी दृष्टिले बाध्यात्मक हुँदैन । तसर्थ त्यसलाई लागू गर्न कानूनी आदेश दिन सकिंदैन ।

### ३.२ कोटाको प्रयोग

कोटा उम्मेदवारको मनोनयन प्रक्रियामा प्रयोग गर्न सकिन्छ अथवा यो परिणाममा आधारित हुनसक्छ ।

*मनोनयन प्रक्रियामा कोटाको प्रयोग*

मनोनयन प्रक्रियामा प्रयोग गरिंदा कोटाको उद्देश्य महिलालाई दलको उम्मेदवार सूची (अथवा निर्वाचन क्षेत्रमा मनोनयन गरिने) मा यस्तो रणनीतिक तरिकाले स्थान दिइनु हो जसबाट तिनले पुरुषसरह समान वा करिव समान किसिमबाट विधायिकी निकायमा निर्वाचन हुन सजिलो परोस् ।

यस सम्बन्धी नियमहरूमा खुकुलोपनादेखि धेरै किसिमका हुनसक्छन् । महिलालाई अनुकूल हुने किसिमबाट कम नियम बनाइन्छ (उदाहरणतः प्रस्तावित उम्मेदवारमा २० प्रतिशत महिला हुनुपर्ने, तर तिनलाई कहाँ स्थान दिने भन्ने सम्बन्धमा बाध्यात्मक गरिंदैन, यस्तो निर्वाचन प्रणालीमा सूची प्रयोग गर्दा सूचीको अन्त्यमा स्थान दिइन्छ जहाँ तिनले वास्तविक तवरमा निर्वाचित हुने सम्भावना न्यून रहन्छ) । माथि भनिएका कुरा खुकुला नियमभित्र पर्दछन् भने महिलाको तुलनामा पुरुषको विशेष क्रम निर्धारण

गर्ने कुरा कडा नियम भित्र पर्दछन् । माथि उल्लिखित पछिल्लो मामिलामा मर्यादाक्रम नियम (rank-order rules) लागू गरिन्छ, जसमा जिपर प्रणाली (Zipper System) अथवा जेब्रा प्रणाली (Zebra System) समावेश हुन्छ । यस्तो सूचीमा प्रत्येक अर्को (दोस्रो) उम्मेदवार महिला नै हुनुपर्छ । अर्को सम्भावनामा निश्चित प्रतिशतको सीमा निर्धारण गर्नु हो । दृष्टान्तमा, उम्मेदवार सूचीको पहिलो आधामा, जुनसुकै लिङ्ग (पुरुष अथवा महिला) भए पनि कुल उम्मेदवारको संख्याको न्यूनतम एक-तिहाइ हुनुपर्छ ।

*परिणाममा आधारित कोटा*

परिणाममा आधारित कोटाले विधायिकामा महिलाको स्थान या त निश्चित प्रतिशत (उदाहरणतः २० प्रतिशत) अथवा निश्चित सङ्ख्या (उदाहरणतः १०० मा २०) आरक्षित गर्दछ ।[४]

परिणाममा आधारित कोटाको एउटा स्वरुप महिला-मात्रको बेग्लै सूची अथवा निर्वाचन क्षेत्र, अथवा "महिला मात्र" को निर्वाचन तह (tier) हुनसक्छ, जसबाट पूर्वनिर्धारित स्थानमा महिला मात्र निर्वाचित हुन्छन् । नामले नै सम्बन्धित निर्वाचन क्षेत्र अथवा तहमा महिला मात्र पठाइन्छ भन्ने कुरा कोटाको यो स्वरुपबाट बुझिन्छ ।

परिणाममा आधारित कोटाको अर्को स्वरुप "निकटतम प्रतिद्वन्द्वी" प्रणाली हो जसमा पुरुष उम्मेदवारले बढी मत प्राप्त गरेको भए पनि महिला उम्मेदवारहरूमध्ये कोटाद्वारा निर्धारण गरिएको संख्यासम्म सबभन्दा बढी मत ल्याउने विजयी हुन्छन् । परिणाममा आधारित कुनै पनि स्वरुपको कोटा संविधान, निर्वाचन कानून, राजनीतिक दलको कानून वा अन्य तुलनीय कानूनमा निर्दिष्ट गरिनु पर्दछ ताकि सो लागू गरिएको सुनिश्चित होस् र विधायिकामा महिलाका लागि आरक्षित गरिएको प्रतिशत वा स्थान कानूनी तवरमा सुरक्षित होस् र प्रतिस्पर्धी कुनै पनि दलले चुनौती दिन नसकून । "निकटतम प्रतिद्वन्द्वी प्रणाली" को सम्बन्धमा, निर्वाचन सम्पन्न भइसकेपछि दलले सफल उम्मेदवारलाई परिवर्तन गर्न पाउने अनुमति दिनका लागि (सो स्थान पुरुषको सट्टा महिला उम्मेदवारलाई दिने) कानूनमा नै व्यवस्था गरिनु महत्वपूर्ण हुने छ ।

यी संयन्त्रहरूका अतिरिक्त - जुन निर्वाचनको प्रक्रियामा प्रयोग गरिन्छ -महिलाहरू विधायिकामा प्रत्यक्ष तवरमा मनोनयन पनि हुन सक्छन (जस्तै मुलुकको कार्यकारीद्वारा) । किनभने यो निर्वाचन प्रक्रियाभन्दा बाहिरको भएको हुँदा निर्वाचन प्रणाली र लैङ्गिक कोटाको विश्लेषण गर्दा यस कुरालाई ध्यान दिइदैन ।

## ४ महिलाको प्रतिनिधित्वलाई प्रभाव पार्ने निर्वाचन प्रणालीका तत्वहरू

कोटाको प्रयोग नगरिए तापनि, महिलाको प्रतिनिधित्व सम्बन्धमा विभिन्न निर्वाचन प्रणाली स्वयंले भिन्न तवरबाट कार्य गर्दछन् (विस्तृतका लागि यो प्रकाशनमा संलग्न गरिएको तालिकाको प्रथम लहर हेर्नुहोस्) र निर्वाचन प्रणालीले कोटा लागू गर्ने सम्भावना भएको कुरामा तथा एक पटक कोटा लागू गरिएपछि त्यसको ज्यादै प्रभावकारिताको सम्बन्धमा पनि असर पार्दछ ।

अनुसन्धानले के सङ्केत गरेको छ भने महिला प्रतिनिधित्वको विषय सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीले राम्रो काम गर्दछ ।[५] तथापि प्रचलित संयन्त्र हेर्न र यसका महत्वपूर्ण लक्षणहरू के के हुन् भनेर राम्ररी बुझ्नका लागि यस्तो प्रणालीलाई विभिन्न भागमा विभक्त गर्न तथा माथि अध्याय २ मा उल्लेख गरिएका तीन मुख्य तत्वहरूमा दृष्टि दिनु महत्वपूर्ण हुनेछ ।

### ४.१ निर्वाचन क्षेत्रको व्यापकता

निर्वाचन क्षेत्रको आकार अथवा व्यापकताले महिला मनोनयन गरिने र निर्वाचित हुने सम्भावनाका सम्बन्धमा प्रत्यक्ष असर पार्दछ । यदि दलहरूले एक क्षेत्रबाट एकभन्दा बढी व्यक्ति मनोनयन गर्न सक्छन् भने मनोनयन सन्तुलित तवरको हुने सम्भावना हुन्छ । एक मात्र उम्मेदवार मनोनयन गर्नुपर्दा सामान्यतः त्यो पदमा रहेको पुरुष हुन्छ र उसलाई महिला उम्मेदवारबाट चुनौती दिंदा दलभित्र तनाव सिर्जना हुनेछ । साथै, यदि पुरुष र महिलाबीच को हुने भन्ने कुराको निर्णयलाई सामना गरियो भने दलले सामान्यतः पुरुषलाई नै रोज्ने छ  किनभने ऊ ज्यादै व्यापक तवरमा स्वीकार्य उम्मेदवार मानिने छ । निर्वाचन क्षेत्रको व्यापकता उच्च भएको र एक दलबाट धेरै व्यक्तिलाई मनोनयन गर्न सकिने अवस्थामा यस्तो समस्या कम हुने छ । यस्तोमा दलले पुरुषको हिस्सालाई नोक्सानी हुन नदिई महिलालाई आकर्षक पदमा मनोनयन गर्ने सम्भावना बढ्ने छ ।

*दलीय व्यापकता*

निर्वाचन क्षेत्रको व्यापकतासँग दलीय व्यापकता सम्बन्धित छ, जसको अर्थ एक निर्वाचन क्षेत्रमा एउटा दलबाट निर्वाचित उम्मेदवारको संख्या हो । उम्मेदवार सूचीको पहिलो भाग वा दलीय श्रृङ्खलामा सामान्यतः पुरुष (दलका नेता वा अन्य) हुने भएकोले दलीय व्यापकता केही बढी भएको अवस्थामा महिलालाई राम्रो अवसर प्राप्त हुन्छ किनकि यस्तोमा दलले दोस्रो र त्यसपछिका स्थानमा उनीहरूको खास उच्च तहका उम्मेदवारहरूभन्दा अन्य तहका उम्मेदवारहरूबाट पूर्ति गर्नेछ । यदि निर्वाचन क्षेत्र व्यापक भएमा निर्वाचन जित्ने दलहरूको संख्या न्यून भएमा दलहरुले जित्ने स्थान व्यापक हुन्छ । यसप्रकार दलीय व्यापकता निर्वाचन प्रारुप निर्माणको प्रक्रियासँग सम्बन्धित छ तर वास्तविक निर्वाचन परिणामबाट मात्र यसको हिसाब गर्न सकिने हुन्छ । निर्वाचित दलको संख्या सीमित हुनसक्छ, उदाहरणका लागि, विधायिकामा प्रतिनिधित्व गर्न समर्थनको कानूनी न्यूनतम सीमाको आवश्यकता (उदाहरणार्थ मतको ५ प्रतिशत) पर्दछ । यसले साना दलहरूलाई विधायिकाबाट हटाउँछ । साना दलीय व्यापकतामा, यदि महिला मनोनयन गरियो भने पनि, ती खास उच्चस्तरीय उम्मेदवार भएमा बाहेक, यसबाट ज्यादै कम वा सीमित प्रभाव पर्दछ ।

## ४.२ सूत्र

अधिकांस मुलुकहरूमा, दलहरूले मतदाताको व्यापक परिवेशलाई आकर्षण गर्नका लागि विभिन्न किसिमका उम्मेदवार (जस्तैः लिङ्ग, जातियता, भौगोलिक क्षेत्र, उमेरमा आधारित) प्रस्तुत गर्नु महत्वपूर्ण हुन्छ । दलहरुले प्रतिस्पर्धाका कारण स्थान गुमाउने धेरै सम्भावना भएको अवस्थामा यस्तो सूत्र प्रयोग गर्न आवश्यक देखिन्छ । यस्तो खतरा तव अझबढी हुन्छ जब यस्ता सूत्र प्रयोग गरिन्छ जस्ले गर्दा:

(क) धेरै दललाई विधायिकामा लैजान्छ, किनकि यस्तोमा दलहरू एक अर्कामा निकट रहने सम्भावना हुन्छ र मतदाताहरूले धेरै सजिलैसँग दल बदल्न सक्छन् । यस अवस्थामा दलहरु आफु लैङ्गीक रुपले न्याय संगत भएको प्रस्तुत गर्दै नीतिगत सामिप्यता भएको दलसंग पराजीत नहुनाका लागि प्रयत्नसिल हुन्छन् । तथापि यो कुरामा ध्यान दिनुपर्छ कि व्यवस्थापिकामा दलहरू ज्यादै उच्च संख्यामा भएमा दलीय व्यापकता तल झर्ने हुनाले महिलाको प्रतिनिधित्व घट्ने सम्भावना हुन्छ (दलीय व्यापकता हेर्नुहोस्) र/ अथवा

(ख) केही मात्र "खेर गएको" मतको स्थितिमा पुऱ्याउँछ । उदाहरणको लागि यदि स्थान जित्नको लागि वहुमत आवश्यक हुन्छ भने, वहुमतभन्दा बढी पाउने दललाई बोनस दिइंदैन (उदाहरणतः वचत मत "खेर गएको" मानिने) र जसको मत विजयीको भन्दा कम रहेको हुन्छ त्यस्तो दललाई प्रतिनिधित्व दिइँदैन (अर्थात् सो दलको सम्पूर्ण मत "खेर गएको" मानिनेछ) । यस्तोमा दलहरूले तिनका मतदाताका "सक्रिय समूह" लाई प्राथमिकता दिने सम्भावना रहन्छ र त्यो समूहभन्दा बाहिरकालाई आह्वान गर्न कम नै प्रोत्साहन गर्दछन् । यस्तो प्रणाली जसमा सम्पूर्ण मत अर्को स्थान प्राप्तिका लागि हुन्छ, त्यस्तोमा दलहरू निर्वाचन क्षेत्रका सबै किसिमका मतदाताहरूलाई अह्वान गर्न बढी उत्सुक हुन्छन् ।

## ४.३ मतपत्रको संरचना

मतपत्रको संरचनाले मतदाताहरूले आफ्ना छनौट कसरी प्रकट गर्दछन् भन्ने कुरा परिभाषा गर्दछ । निर्वाचन प्रणाली उम्मेदवार-केन्द्रित (उदाहरणतः पहिलो हुने निर्वाचित हुने) वा दल-केन्द्रित (उदाहरणतः बन्द सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली) हुन्छन् । दल-केन्द्रित निर्वाचन प्रणालीमा कोटा लागू गर्न सजिलो हुन्छ, किनकि यस्तोमा प्रत्येक दलले निर्वाचनको दिन मतदाताले निर्णय गर्नु भन्दा पहिला मनोनयन कै समयमा त्यस क्षेत्रबाट विजयी हुने उम्मेदवार निर्धारण गर्दछन् । तथापि, यस्तो मुलुक जहाँ मतदाताको प्रवृत्ति बढी मात्रामा महिला उम्मेदवारप्रति अनुकूल रहने देखिन्छ र मतदाताले दललाई भन्दा महिलालाई समर्थन जनाउँछन्, त्यस्तोमा उम्मेदवार-केन्द्रित प्रणाली (खुला सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली समावेश) ले कोटा प्रयोग गरी वा नगरी महिलाको निर्वाचनलाई सहयोग पुऱ्याउन सक्छन् ।

## ५. निर्वाचन प्रणाली र कोटाको सम्मिश्रणः परिणाम

यस प्रकाशनसँग संलग्न तालिकाले विभिन्न निर्वाचन प्रणाली एवं खास किसिमको कोटासहितको सम्मिश्रणको सम्बन्धमा सिंहावलोकन प्रस्तुत गर्दछ । त्यसमा कुनै निर्वाचन प्रणालीमा निश्चित कोटा प्रयोग गरिंदा कस्तो परिणाम अपेक्षा गर्न सकिन्छ भन्ने दृष्टान्त दिइएका छन् । सम्बन्धित सम्मिश्रणको सम्भाव्य सापेक्षिक सफलतालाई रङ्गको सङ्केतद्वारा स्पष्ट गरिएका छन् ।

- *हरियोः* यो निर्वाचन प्रणाली र कोटाको सम्मिश्रण महिलाको प्रतिनिधित्वका लागि सम्भव र उपयुक्त छ ।
- *पहेंलोः* यदि निर्वाचन प्रणाली/कोटाको सम्मिश्रणले खास आधार पूरा गर्दछ भने यो निर्वाचन प्रणाली र कोटाको सम्मिश्रण महिलाको प्रतिनिधित्वका लागि सम्भव र उपयुक्त हुनसक्छ ।
- *रातोः* महिलाको प्रतिनिधित्व वृद्धिका लागि यो निर्वाचन प्रणाली र कोटाको सम्मिश्रण न सम्भव छ न त उपयुक्त नै ।

यो सिंहावलोकनबाट व्यवहारमा यस्ता सम्मिश्रणले कसरी काम गर्छ भनेर प्रमाणित तथ्य वा अनुभवसिद्ध तथ्यलाई भन्दा पनि निर्वाचन प्रणाली र कोटाबीच अन्तरक्रियाको संयन्त्रका सम्बन्धमा प्रकाश पार्दछ । तसर्थ यो सञ्जालबाट कुनै समिश्रणको सफलतापूर्वक प्रयोगको लागि संख्यात्मक तथ्याङ्कको आधारमा कुनै संख्यात्मक विवरण निक्यौंल गर्न सम्भव छैन ।

यो तालिकाले कोटासहित विशेष किसिमका विभिन्न निर्वाचन प्रणालीको सम्मिश्रणको सम्भावनालाई प्रकाश पार्दछ, जसले राजनीतिमा महिलाको सङ्ख्यामा वृद्धि ल्याउनेछ । सबभन्दा अनुकूल सम्मिश्रणलाई हरियोमा देखाइएको छ । यस प्रकारका कैयौं सम्मिश्रण पहिचान गर्न सकिन्छ । महिलाको निर्वाचनलाई अनुकूल हुने सम्मिश्रण र अवस्थालाई निम्नानुसार संक्षेपमा देखाउन सकिन्छ[६] :

### ५.१ सर्वोत्तम सम्मिश्रण

*दोस्रो तह+आरक्षित स्थानसहितको प्रणाली–महिला उम्मेदवारहरूका लागि मात्र एक तह*

सम्पूर्ण प्रणालीले एक विद्यमान तहलाई महिला- मात्रको तहमा परिवर्तन गर्नसक्छ अथवा वैकल्पिक तवरमा मात्र महिला उम्मेदवारहरूका लागि एक तह थप्न सक्ने छ । यसले महिलाको लागि निर्धारित गरिएको कोटाजतिको महिलालाई निर्वाचित गर्न प्रत्याभूति गर्दछ । यो सम्मिश्रणको उदाहरण पाकिस्तानमा पाइन्छ ।

*सानो निर्वाचन क्षेत्रसहित सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व+मनोनयन–स्थानपूर्तिको जनादेश/पद-क्रम नियम (उदाहरणतः जिपर कोटा) सहितको प्रतिशत नियम*

बन्द सूची रहेको अवस्थामा यो सम्मिश्रणले काम गर्छ भन्ने प्रत्याभूति छ । यसरी पूर्वनिर्धारित क्रमलाई न्यून पार्दै यदि सूची खुला हुन्छ भने पूर्व निर्धारित क्रम कमजोर हुँदै क्रम परिवर्तन हुन सक्छ । ठूलो निर्वाचन क्षेत्रसहित सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीभन्दा सानो निर्वाचन क्षेत्रसहित सूचीमा आधारित

समानुपातिक प्रतिनिधित्व प्रणालीमा यो केही कम प्रभावकारी हुन सक्छ, किनकि यस्तोमा दलीय व्यापकता सानो हुनसक्छ र जिपर कोटा अन्तर्गतमा समेत धेरै पुरुष (जो साधारणतया माथिल्लो तहमा रहेका हुन्छन्) निर्वाचित हुनसक्छन् । यसलाई सूचीको पहिलोमा स्थान बदलेर कुनै सूचीमा महिलालाई पहिले राखेर र कुनैमा पुरुषलाई पहिलोमा राखेर दलहरूभित्रैबाट मिलाउन सकिन्छ । यस्तो सम्मिश्रणको उदाहरण डोमिनिकन गणतन्त्र र इक्वेडरमा पाइन्छ ।

*ठूलो निर्वाचन क्षेत्रसहित सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व+मनोनयन स्थानपूर्तिको जनादेश/पद-क्रम नियमबेगरको प्रतिशत नियम*

यो सम्मिश्रणले महिला निर्वाचित हुने सम्भावनालाई उल्लेखनीय तवरमा वृद्धि गर्छ, खासगरी ठूलो दलीय व्यापकता रहेको ठाउँमा महिलालाई सूचीमा ज्यादै तल राखिए तापनि निर्वाचित हुन्छन् । यस्तो सम्मिश्रणको उदाहरण मेसेडोनियामा पाइन्छ ।

*ठूलो निर्वाचन क्षेत्रसहित सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व+मनोनयन–स्थानपूर्तिको जनादेश/पद-क्रम नियमसहितको प्रतिशत नियम (उदाहरणतः जिपर कोटा)*

यो समिश्रण बन्द सूची भएको अवस्थामा निश्चित रुपले काम गर्दछ । यदि सूची खुला छ भने, यसले क्रमलाई परिवर्तन गर्नसक्छ जसबाट पूर्व निर्धारित क्रम कमजोर हुनसक्छ । यदि ठूलो निर्वाचन क्षेत्रसहित सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीभन्दा सानो निर्वाचन क्षेत्रसहित सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीमा यो केही कम प्रभावकारी हुनसक्छ, किनकि यस्तोमा दलीय व्यापकता सानो हुनसक्छ र जिपर कोटाअन्तर्गत समेत धेरै पुरुष (जो साधारणतया माथिल्लो तहमा रहेका हुन्छन्) निर्वाचित हुनसक्छन् । यस्तो सम्मिश्रणको उदाहरण अर्जेण्टिना, बेल्जियम, कोस्टारिका र इराक (सन् २००५ को निर्वाचन) मा पाइन्छ ।

*एकमुष्ट मत (+सीमित मत र एकल असङ्क्रमणीय मत)+आरक्षित स्थान–निकटतम प्रतिद्वन्द्वी प्रणाली*

पर्याप्त महिला उम्मेदवार छैनन् भने यस समिश्रणले काम गर्दछ[७] । यसले दललाई प्रतिस्पर्धी दलसित कुनै पनि स्थानमा पनि नहार्न महिला उम्मेदवार उठाउन प्रेरणा दिन्छ । यस्तो सम्मिश्रणको उदाहरण जोर्डनमा पाइन्छ ।

*दलीय एकमुष्ट मत+मनोनयन–स्थानपूर्तिको जनादेश/पदक्रम नियमबेगरको प्रतिशत नियम*

यो सम्मिश्रणले काम गर्ने प्रत्याभूति हुन्छ किनभने कुनै दलले सर्वाधिक मत पाएको हुनाले सूचीमा रहेको सम्पूर्ण व्यक्ति निर्वाचित हुन्छन् । स्वतन्त्र उम्मेदवारहरू जसले कोटाको असरलाई कम पार्नसक्छन् तिनले विजय हासिल गर्ने मौका न्यून रहेकोले उनीहरू धेरै हदसम्म नउठ्ने सम्भावना रहन्छ । यस्तो सम्मिश्रणको उदाहरण क्यामेरुन (दुई ठूला दलहरूले अपनाएका स्वेच्छिक दलीय कोटा) र जिबुटीमा पाइन्छ ।

*दलीय एकमुष्ट मत+मनोनयन–स्थानपूर्तिको जनादेश/पदक्रम नियम (उदाहरणतः जिपर कोटा)*

यस समिश्रणले स्थानपूर्तिको जनादेश/पदक्रम नियम बेगर पनि काम गर्ने प्रत्याभूति हुन्छ । किनकी दलले सर्वाधिक मत पाएको आधारमा सूचीमा रहेको सम्पूर्ण व्यक्ति निर्वाचित हुन्छन् ।

*एकल सङ्क्रमणीय मत+आरक्षित स्थान–निकटतम प्रतिद्वन्द्वी प्रणाली*

यो सम्मिश्रणले एकमुष्ट मत, सीमित मत र एकल असङ्क्रमणीय मतको पक्षमा तर्कको आधारमा काम गर्ने सम्भावना हुन्छ । जब प्रत्येक निर्वाचन क्षेत्रमा आरक्षित स्थानबाहेक सबै पूर्ति हुन्छन् र यदि कुनै महिला निर्वाचित हुँदैनन् भने सबभन्दा बढी मत ल्याउने महिलाहरू निर्वाचित हुन्छन् ।

*मिश्रित सदस्य समानुपातिक+आरक्षित स्थान–महिला उम्मेदवारका लागि मात्र एक तह*

यो सम्मिश्रणले कोटाले व्यवस्था गरे जतिका महिला निर्वाचित हुने प्रत्याभूति गर्दछ ।

*प्राथमिकता गणना+आरक्षित स्थान- निकटतम प्रतिद्वन्द्वी प्रणाली*

यो सम्मिश्रणले एकमुष्ट मत, सीमित मत, एकल असङ्क्रमणीय मत र एकल सङ्क्रमणीय मतमा गरिएको तर्कसरह काम गर्ने हुन्छ, तर वहुसदस्यीय निर्वाचन क्षेत्रमा मात्र यस्तो हुन्छ ।

## ५.१ साधारण सम्मिश्रण जसले अनुकूल तवरमा काम गर्छ तर विशेष ध्यान दिन आवश्यक छ

केही परिवर्तनिय तत्वलाई ध्यानमा राखियो भने सर्वोत्तम सम्मिश्रणका अतिरिक्त अन्य धेरै किसिमका सम्मिश्रणले केही स्तरसम्म काम गर्ने हुन्छ । तीमध्ये केही उहाहरणको तल चर्चा गरिएको छ । कोटा व्यवस्थालाई निर्वाचन प्रणालीले प्राविधिक पक्षले उदासिन वा निस्क्रीय गर्न सक्दछ । तसर्थ यदी महिलाको राजनीतिक सहभागिताको लक्ष्यलाई कुठाराघात नगर्ने हो भने महिला राजनीतिक सहभागिताको अभिवृद्धिको लक्ष्य राख्ने संस्थागत प्रारुपका निर्माताहरुले यस्ता उहादहरणहरू माथि विस्तृत ध्यान दिनु आवश्यक छ ।

कुनै कोटाको प्रयोगविना ठूलो निर्वाचन क्षेत्रका लागि सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वको प्रयोग एउटा उदाहरण हो । सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीले महिलालाई मनोनयन गर्न प्रेरित गर्नुका साथै त्यसबाट विभिन्न प्रकारका उपायहरू निकाली महिला निर्वाचित हुने सम्भावना बढाउँछ । पुरुषका साथै महिलालाई मनोनयन गर्न सकिन्छ ताकि यसमा पदस्थ पुरुषलाई विशेष किसिमले चुनौती हुँदैन । धेरैजसो मत दललाई अर्को स्थान दिने दृष्टिबाट जान्छ, यसको अर्थ यो हो कि दलका लागि आफ्ना पहिचान गरिएका मतदाता समूहभन्दा बाहिर प्रचार प्रसार गर्नु महत्वपूर्ण हुनेछ । दलहरु धेरै हुनका साथै नीतिगत रुपमा एक अर्काको नजिक भएको अवस्थामा जुन दलको बारेमा महिलाप्रति न्यायोचित वा न्याय संगत भएको धारणा हुँदैन्, त्यस्ता दलहरुले मत गुमाउने जोखिम बोकेको हुन्छ । ठूलो निर्वाचन क्षेत्र र दलीय व्यापकता भएमा, महिला निर्वाचित हुने सम्भावना बढी हुन्छ । तथापि, कुनै कोटाको प्रावधानबेगर सूची समानुपातिक प्रतिनिधित्वको प्रयोगले मात्र महिलाको उच्च प्रतिनिधित्वलाई प्रत्याभूत गर्दैन ।

अर्को उदाहरण, महिलाका लागि केही आरक्षित क्षेत्र सहितको जुनसुकै निर्वाचन प्रणाली (राष्ट्रव्यापी एउटा मात्र निर्वाचन क्षेत्र सहितको सूचीमा आधारित समानुपातिक प्रणाली बाहेक) को प्रयोग हुन सक्दछ । यो सम्मिश्रण सैद्धान्तिक रुपमा सही छ, तर यसलाई प्रभावकारी बनाउन केही भौगोलिक क्षेत्रमा महिलालाई मात्र निर्वाचनमा उठ्ने अनुमति दिन आवश्यक पर्छ । कुन निर्वाचन क्षेत्रमा यस्तो लागू गर्ने

भनेर निश्चित गर्न कठिनाइ पर्दछ र त्यस क्षेत्रका मतदाता र उम्मेदवारले आफ्नो राजनीतिक स्वतन्त्रता वा छनौटको अधिकार हनन् भएको अनुभूति गर्न सक्नेछन् । यस्ता निर्वाचन क्षेत्रहरूलाई एक निर्वाचनदेखि अर्को निर्वाचनसम्म आलोपालो गरी मिलाउन सकिन्छ ताकि त्यही निर्वाचन क्षेत्र सधैंभरी महिलाको लागि मात्र कायम नरहोस् । तथापि यसले प्रभावकारी रुपले पुरुषको लागि पदावधि सीमा सिर्जना गर्नसक्छ- निर्वाचनसम्बन्धी कानूनमा स्पष्ट तवरमा व्यवस्था नरहे तापनि - जब यसलाई महिलाको लागि मात्र निर्वाचन क्षेत्रको रुपमा परिवर्तन गरिएको हुन्छ तव हाल बहाल गर्ने पुरुष व्यक्ति त्यस निर्वाचन क्षेत्रमा पुनः उठ्न पाउँदैनन् । त्यसपछि पुरुष उम्मेदवारलाई अर्को निर्वाचन क्षेत्रमा उठ्न अनुमति दिइए तापनि यसरी आफ्नो कुनै सम्पर्क नभएको निर्वाचन क्षेत्रमा उठेपछि तिनलाई व्यवहारतः सफलता पाउन प्राय असम्भव हुन आउँछ ।

यसको अन्य उदाहरणमा मनोनयनसहितको समानान्तर अथवा मिश्रित सदस्य समानुपातिक प्रणाली- स्थानपूर्तिको जनादेशविना प्रतिशत नियम/पदक्रम नियम अथवा पदक्रम नियमसहित प्रतिशत नियम (उदाहरणतः जिपर कोटा) को प्रयोग हो । सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीको अंगको रुपमा मात्र यस्ता कोटाहरू काम गर्छ (सामान्यतया जस्को बढी सम्भावना हुन्छ यस क्षेत्रका लागि पहिलो हुने निर्वाचित हुने प्रणालीको व्यवस्था हुन्छ) । कोटाको प्रभावकारितालाई बन्द वा खुला सूची र दलको व्यापकताले असर पार्दछ । साथै, नियमले नै, दलीय व्यापकता बढी भएमा महिला उम्मेदवारलाई बढी अनुकूल पर्दछ । यसको एउटा उदाहरण अर्मेनिया हो (५ प्रतिशत मात्र आरक्षित स्थान भए तापनि) ।

## ५.३ असम्भव अथवा अनुपयुक्त सम्मिश्रण

यस प्रकाशनले कोटाको प्रकारसहित १६ किसिमका निर्वाचन प्रणालीको सम्मिश्रण पहिचान गरेको छ जुन महिलाको उच्चस्तरको राजनीतिक प्रतिनिधित्व प्राप्तिका लागि सम्भव अथवा अनुकूल छैन् । यस वर्गमा रहेका मुलुकहरू जसले महिलाको राजनीतिक सहभागिता वृद्धि गर्ने उद्देश्य राख्छन्, तिनले प्रचलनमा रहेको निर्वाचन प्रणालीलाई पुनरावलोकन गरेर वा कोटा पुनरावलोकन गरेर वा नयाँ व्यवस्था गरेर अनुपयुक्त सम्मिश्रणबाट अन्य कुनै श्रेणीमा परिवर्तन गर्न सक्छन् । यसले महिलाको प्रतिनिधित्व अभिवृद्धि गर्नुको अतिरिक्त निर्वाचनको परिणाममा उल्लेखनीय परिवर्तन ल्याउने र अन्य व्यापक राजनीतिक प्रभाव पार्ने भएकोले यो विवादास्पद हुनसक्छ । तसर्थ निर्वाचन प्रणालीमा सम्भाव्य परिवर्तनका लागि सबै कुराको राम्रोसँग विचार गरिनुपर्छ । परिवर्तनको लागि राजनीतिक इच्छाशक्ति र विधायिका तथा निर्वाचन अधिकारीहरूका तर्फबाट तत्परता दर्शाउनै पर्छ । यसका अतिरिक्त परिवर्तनलाई सम्बन्धित राष्ट्रिय सरोकारवालाहरूले सहमति जनाउनुपर्छ ।

## ५.४ तालिकाको सारांश

कुनै पनि निर्वाचन प्रणालीले मतलाई तटस्थ तवरमा स्थानमा रुपान्तरण गर्दैन । जुनसुकै प्रकारको निर्वाचन प्रणाली छनौट गरिए तापनि, त्यसमा महिलाको प्रतिनिधित्वको स्तर लगायत विभिन्न किसिमका राजनीतिक जटिलताहरू रहन्छन् । ठूला निर्वाचन क्षेत्रसहित सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीलाई कोटाविना “यथावत” प्रयोगमा ल्याउँदा महिलाको निर्वाचनको लागि यो

ज्यादै अनुकूल प्रणालीको रुपमा देखापर्छ । जबकी धेरैजसो एकल-सदस्यीय निर्वाचन क्षेत्र प्रणालीले महिला उम्मेदवारलाई अवरोध पुऱ्याउँछ ।

यस सम्बन्धमा सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीका फाइदा देखिनुका केही कारणहरू यस्ता छन्: (क) यसले सधैं वहुसदस्यीय निर्वाचन क्षेत्र प्रयोग गर्दछ, र (ख) सूचीमा आधारित समानुपातिक प्रणाली अन्तर्गतको निर्वाचन परिणामले ल्याउने दलीय व्यापकता सामान्यतः ठूलो हुन्छ । तथापि, कोटाको प्रभावकारी कार्यान्वयनका लागि सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली मात्र राम्रो आधार भने होइन । महिलाको निर्वाचन प्रवर्द्धन गर्न अन्य प्रणालीमा ठूलो निर्वाचन क्षेत्रसहितको निर्वाचन क्षेत्र र दल-केन्द्रित निर्वाचन प्रणाली, जस्तै दलगत एकमुष्ट मत, ज्यादै प्रभावकारी हुनसक्छ ।

कोटा कार्यान्वयनको लागि बढी कठिनाइ पार्ने निर्वाचन प्रणाली ती हुन् जसले साना निर्वाचन क्षेत्रसहित उम्मेदवार-केन्द्रित मत प्रयोग गर्नुका साथै उम्मेदवार मनोनयनका लागि विकेन्द्रीत प्रक्रिया लागू गर्छन् (उप-दफा ६.५ हेर्नुहोस्) र जुन प्रणालीको न्यून दलगत व्यापकताको परिणाम दिन्छन् । यस्तो निर्वाचन प्रणालीको उदाहरणमा पहिलो हुने निर्वाचित हुने, दुई-चरण प्रणाली र वैकल्पिक मत पर्दछन् । साथै एकल सङ्क्रमणीय मत जस्तो समानुपातिक प्रणाली पनि उम्मेदवार केन्द्रित भएकोले यसलाई कुनै कोटासँग सम्मिश्रण गर्न कठिन हुन्छ ।

स्वतन्त्र उम्मेदवारका हकमा कोटा लागू नहुने हुँदा, मनोनयन प्रक्रियामा कोटा लागू गर्दा (पूर्वनिश्चित प्रतिशत अथवा संख्या अथवा पद-क्रम नियम जे भए पनि) कैयौं स्वतन्त्र उम्मेदवारहरूको उपस्थितिले यस्तो कोटा व्यवहारमा कम प्रभावकारी हुन्छ । थोरै संख्यामा स्वतन्त्र उम्मेदवाहरूको उपस्थिति र पद-क्रम नियम (जिपर कोटा-जस्तो) को प्रयोगले गर्दा कोटाले निर्धारण गरेसम्म महिला निर्वाचित हुने सम्भावना रहन्छ । अधिकांस उम्मेदवार केन्द्रीत प्रणालीमा पूर्वनिर्धारित मनोनयनको पूर्व निर्धारित क्रमको गुन्जायस हुँदैन ।

निकटतम प्रतिद्वन्द्वी प्रणालीले महिला निर्वाचित हुने प्रत्याभूति दिन्छ (यदि त्यहाँ प्रशस्त उम्मेदवार छन् र प्रत्येक निर्वाचन क्षेत्रमा एकभन्दा बढी उम्मेदवार निर्वाचित भए भने) तर यो प्रणाली विवादास्पद पनि हुनसक्छ किनभने बढी मत ल्याउने अरूहरूभन्दा कम मत ल्याउने केही उम्मेदवारले उछिन्न सक्दछ । सैद्धान्तिक दृष्टिमा, उम्मेदवार-केन्द्रित प्रणालीमा निकटतम प्रतिद्वन्द्वी प्रणालीले एक दलबाट अर्कोमा महिलाका लागि स्थान बदल्न पनि सक्छ, र विधायिकाको गठनलाई पनि यसले असर पार्ने हुँदा यो प्रणाली विवादास्पद पनि हुन सक्दछ । मनोनयन प्रक्रियामा कोटाभन्दा यस प्रणालीमा कोटाको प्रयोग गर्दा लैङ्गिक आधारमा उम्मेदवारलाई प्राथमिकता दिइएकोले यस कोटा प्रणाली बढी चुनौतीपूर्ण हुन्छ ।

समग्रमा, जस्तोसुकै भए तापनि सबभन्दा बढी प्रभावकारी हुनसक्ने कोटा ती हुन् जसले मनोनयन प्रक्रियाभन्दा नतिजालाई लक्षित गर्दछन् । तथापि, यदि कुनै खास मुलुकमा नतिजामा आधारित कोटा ज्यादै विवादास्पद भएमा मनोनयन-केन्द्रित कोटा अझै प्रयोग गर्न सकिन्छ । तब एकातर्फ बढी प्रभावकारी तर विवादास्पद र अर्को तर्फ कम प्रभावकारी तर कम विवादास्पदको बीच छनौट गर्ने कुरा आउँछ ।

अन्तिम नभए पनि पछिल्लो शब्दमा चाखलाग्दो टिप्पणी यो छ कि कतै पनि "असम्भव" निर्वाचन प्रणाली भने हुँदैन र महिलाको पक्षमा असन्तोषजनक भनिएका निर्वाचन प्रणालीमा पनि कोटाबाट समाधानको प्रारुप तयार गर्न सम्भव छ ।

## ६. महिलाको प्रतिनिधित्वमा असर पार्ने अन्य तत्वहरू

प्रयोगमा ल्याइएका निर्वाचन प्रणालीका अतिरिक्त, अन्य विभिन्न प्रकारका परिवर्तनिय तत्वहरू छन् जसले विशेष कोटाको प्रभावकारितामा र सामान्य रुपमा महिलाको प्रतिनिधित्वमा सामान्य असर पार्दछन् । विचार पुऱ्याउनुपर्ने केही प्रमुख सवालहरू तल दिइएका छन्:-

### ६.१ कार्यान्वयनयोग्य

माथि बताइएअनुसार, कोटालाई एक प्रभावकारी औजारको रुपमा तब मात्र प्रत्याभूति गर्न सकिन्छ जब यो कार्यान्वयनयोग्य बन्दछ र यसलाई प्रतिस्पर्धी राजनीतिक संस्थाहरूले वास्तविक तवरमा लागू गर्दछन् । कोटा लागू गरिएको र अनुसरण गरिएको कुरा सुनिश्चित गर्न, तिनलाई कानूनीरुपमा बाध्यात्मक (विधायिकी अथवा संवैधानिक) तुल्याउनु आवश्यक छ र तिनलाई निर्वाचन व्यवस्थापन निकायबाट सुपरिवेक्षण गरिनु आवश्यक पर्दछ । अझ भन्नुपर्दा, यसको कार्यान्वयन नगर्नेलाई दण्डको माध्यमद्वारा अनुसरण गर्नु उत्तिकै महत्वपूर्ण हुनेछ, यस्तो आवश्यकता वास्तविक तवरमा मतलब राख्ने दलहरूलाई विशेष महत्व हुने खालको हुनु पर्दछ। केही मुलुक र केही परिस्थितिमा स्वेच्छिक कोटासहित अथवा दण्डात्मक व्यवस्थाविना विधायिकी कोटासहित (इण्डोनेसियामा भएको "हुनसक्ने कोटा" व्यवस्था जहाँ दलहरूलाई आफ्ना सूचीमा कम्तीमा ३० प्रतिशत महिला उम्मेदवार समावेश गर्न वाञ्छनीय भएको कुरा तिनले आफ्ना हृदयमा राख्न आग्रह गरिन्छ) तर यसको असर कुनै दल विशेषको इच्छामा भर पर्दछ र एक निर्वाचनदेखि अर्को निर्वाचनसम्म फरक-फरक हुनसक्छ ।

### ६.२ निर्वाचन व्यवस्थापन निकायको क्षमता

निर्वाचन प्रणालीको बारेमा र यस अन्तर्गत स्वेच्छिक तथा कानूनी रुपमा बाध्यात्मक कोटाको सम्बन्धमा राजनीतिक दलहरूलाई सुसूचित गर्न सीपयुक्त निर्वाचन व्यवस्थापन निकायको आवश्यकता पर्दछ । यसका अतिरिक्त, निर्वाचन व्यवस्थापन निकाय कोटा व्यवस्था लागु गर्न र त्यसको सुपरिवेक्षण नभएको अवस्थामा दण्डात्मक आदेश जारी गर्नाका लागि उत्सुक तथा समर्थ हुनुपर्छ ।

### ६.३ सांस्कृतिक आधारतत्व र मतदाताको प्राथमिकता

महिला उम्मेदवारप्रतिको मतदाताको धारणाले तिनको विजयको सम्भावनामा प्रभाव पार्दछ। यस्तो खासगरी उम्मेदवार-केन्द्रित निर्वाचन प्रणालीमा हुन्छ। साथै, सार्वजनिक सञ्चार माध्यम र प्रचारप्रसारको स्रोतमा पहुँचको विषयहरूले महिलाहरूलाई सफल उम्मेदवारको रुपमा प्रस्तुत गर्न प्रभाव पार्दछ ।[८]

### ६.४ आकाङ्क्षा राख्ने

आकाङ्क्षा राख्ने महिलाहरू उपलब्ध हुनुपर्छ, पहिचान गरिनुपर्छ र राजनीतिक दलहरूद्वारा प्रशिक्षित गरिनुपर्छ । महिला स्वयं मनोनीत हुन वा उम्मेदवारको रुपमा मनोनीत गरिन उत्प्रेरणा प्रदान गरिनु महत्वपूर्ण हुन्छ । प्रतिभाशाली महिला पत्ता लगाउन र आकाङ्क्षावान महिलालाई समर्थन गर्न राजनीतिक दलहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् ।

## ६.५ केन्द्रित/विकेन्द्रित मनोनयन प्रक्रिया

मनोनयन प्रक्रियाले आन्तरिक दलगत नियम र विधायिकी कोटाको प्रभावकारितालाई असर पार्दछ । एकातर्फ, केन्द्रिकृत मनोनयन प्रक्रियाले दलको उम्मेदवारको संरचनाका सम्बन्धमा स्थानीय राजनीतिक कार्यालयलाई वैयक्तिक तवरमा चित्त बुझाउन नपर्ने हुँदा सजिलो र छिटो निर्णय गर्न सकिन्छ । अर्कोतर्फ, यसले स्थानीय तवरमा सक्रिय तर जसलाई केन्द्रिय तहले थाहा नपाएका महिलालाई राष्ट्रियस्तरमा मनोनयन गर्न कठिन तुल्याउँछ । यो विशेषतः त्यस्ता महिलाको लागि बेफाइदाजनक हुन्छ जहाँ उम्मेदवारको मनोनयन दलका नेता वा व्यक्तिको समूहबाट दलका नेताहरूसँग व्यक्तिगत सम्पर्कको आधारमा केन्द्रबाटै गरिन्छ । ग्रामीण क्षेत्रबाट आउने महिलाहरूको दलको नेतृत्वसँग राम्रो सम्पर्क नरहेको हुनसक्छ र परिणामतः उनीहरू मनोनयनमा नपर्न सक्छन् ।

# ७ निष्कर्ष र सिफारिस

यस प्रकाशनले निर्वाचन प्रणाली र कोटाबीचको सम्बन्धलाई प्रकाश पारेको छ र यसमा कुन सम्मिश्रण महिलाका लागि अनुकूल हुनसक्छन् र कुन त्यति प्रभावकारी हुनसक्दैन भनी दृष्टान्तसहित दर्शाइएका छन् । तथापि, निर्वाचन प्रणाली र कोटा बीचको सम्बन्धका बारेमा गरिने तर्क प्रतिनिधित्व अभिवृद्धिको आवश्यकता हुने समाजका अन्य समूहको हकमा पनि लागू हुन्छ, उदाहरणका लागि अल्प संख्यक जाती र जनजाति । निर्वाचन प्रणालीको प्रारुप तयार गर्ने क्रममा अन्य धेरै किसिमका जटिलताहरू विचारणीय रहेका हुँदा कुन निर्वाचन प्रणाली वा कुन कोटा छनौट गर्ने भनेर स्वतः निष्कर्षमा पुर्‍याउँदैन । तथापि, के आशा गर्न सकिन्छ भने यो प्रकाशनले क्रियाशील रहेका विभिन्न तत्वहरूका सम्बन्धमा चेतना जागृत गराउने छ । कुन छनौट गर्ने भन्ने विषयमा र यस्तो छनौटबाट महिलाको प्रतिनिधित्वमा पर्नसक्ने असरका सम्बन्धमा जानकारी गराउँदछ ।

सधैंभरि, मुलुकको सन्दर्भलाई दृष्टि पुर्‍याउनुपर्ने हुन्छ । जहिले पनि "खेलको नियमहरू" तर्जुमा गर्दा कस्ता विभिन्न तत्वहरूले एक-अर्काको पूरकको रुपमा कसरी काम गर्न सक्छन र तिनको दूरी अथवा अन्तरविरोध कसरी हटाउन सकिन्छ भन्ने समग्र दृष्टिकोण राख्नुपर्छ । यसका साथै, विधायिकामा महिलाको प्रतिनिधित्व प्रवर्द्धनका लागि प्रयास गर्न निश्चय नै अन्य कानूनहरू र सान्दर्भिक आधारतत्वहरूलाई विचार गरिनुपर्ने हुन्छ ।

माथि उल्लेख गरिए झैं, निर्वाचन प्रणाली र कोटाका विभिन्न सम्मिश्रणले बिलकुलै भिन्न तवरमा काम गर्दछन् । तसर्थ एक स्पष्ट निष्कर्ष यो देखिन्छ कि प्रयोगमा ल्याइने निर्वाचन प्रणाली र कोटालाई छुट्टाछुट्टैभन्दा एकैसाथ विचार गरिनुपर्छ ।

यो पनि उल्लेख गर्नु महत्वपूर्ण हुन्छ कि संस्थागत प्रारुप निर्माणकर्ताले विद्यमान साहित्यसामग्री र/अथवा अन्य मुलुकको अनुभवबाट सीधै आयात गरिएको थोक समाधानका उपायहरूमा बाँधिने किसिमको अनुभूति गर्नुहुँदैन । किनकि यस्ता समाधानहरू सम्बन्धित मुलुकको लागि सर्वोत्तम छन् भन्न सकिँदैन । निर्वाचन प्रणाली र कोटा दुवैलाई कार्यान्वयनमा ल्याउन विशेष गरी सन्दर्भ सुहाउने किसिमबाट परिमार्जन गर्न र अवलम्बन गर्नसकिन्छ ।

निर्वाचन संस्थाहरूसम्बन्धी प्रारुप निर्माण गर्दा, सम्भवभएसम्म बढीभन्दा बढी सरोकारवालाहरूलाई छलफल, प्रारुप निर्माण र कार्यान्वयनका चरणहरूमा संलग्न गराउनु ज्यादै उपयोगी हुन्छ । विद्यमान समस्याप्रति विस्तृत समझदारी र त्यसबाट ती प्रावधानहरूको अवलम्बनको निम्ति वैधानिकताको अधिक सम्भावना प्राप्तिका लागि यस्तो गरिनु आवश्यक छ ।

अन्त्यमा, लैङ्गिक कोटाको प्रयोगबाट राजनीतिमा महिलाको सहभागितालाई उल्लेख्य रुपमा वृद्धि हुनेछ, तर ध्यानमा राख्नुपर्ने कुरा के छ भने कोटालाई प्रायः महिला उम्मेदवारको मनोनयनमा एउटा सीमाको रुपमा प्रयोग गर्न सकिन्छ । उदाहरणतः उम्मेदवारको ३० प्रतिशत भन्दा बढी महिला हुनुपर्ने कोटाको व्यवस्थाले ३० प्रतिशत भन्दा बढी महिलाको मनोनयन नहुन सक्छ र यसको असरमा महिलाको राजनीतिक प्रतिनिधित्वलाई सीमीत गरेको जस्तो देखिन्छ । तसर्थ, महिलाको राजनीतिक प्रतिनिधित्वका लागि एउटै समयमा धेरै पक्षहरूमा कार्य गरिनु महत्वपूर्ण हुनेछ, तीमध्ये निर्वाचन प्रणाली र कोटा दुई मात्र हुन् ।

## ८ टिप्पणी

१. अन्तर विधायिकी सङ्गठनको वेभसाइट (website) हेर्नुहोस् <http://www.ipu.org>

२. माथि उल्लेख गरिएसरह

३. निर्वाचन कोटाले समानुपातिक प्रतिनिधित्व प्रणालीमा एक विशेष निर्वाचन क्षेत्रमा एक दल वा उम्मेदवारलाई एक स्थान जित्न मतको संख्यालाई प्रत्याभूति गर्ने बताउँछ । सामान्य प्रयोगमा यी तीन प्रकार छन्: हेयर (Hare), ड्रुप अथवा हेगेनवाश- बिसफ (Droop or Hagenbach-Bishoff) र इम्पेरियाली (Imperiali) कोटा

४. केही मिश्रित सदस्य समानुपातिक प्रणालीमा विधायिकामा वास्तविक कुल स्थानको संख्या निर्वाचन नसकिएसम्म निश्चित हुँदैन । केही मुलुकमा, जनसंख्याको आकारसँगै विधायिकाको आकार परिवर्तन हुन्छ। यस्ता मामिलामा, कोटा निर्माण गर्दा प्रतिशतको अनुमान र आरक्षित स्थानको निश्चित संख्याको वास्तविक भिन्नता हुनसक्छ ।

५. उदाहरणका लागि यी प्रकाशन हेर्नुहोस्: Women in Parliament: Beyond Numbers- A Revised Edition (Stockholm: International IDEA) 2005, Martland, Richard E., "Enhancing Women's Political Participation: Legislative Recruitment and Electoral Systems' Chapter 3, pp. 99-110, Sineau, Mariette, "The French Experience: Institutionalizing Parity", case study, pp 127-30, and Meintjes, Sheila "South Africa: Beyond Numbers", case study p 231.

६. मुलुकको उदाहरण दिइएकोमा सन् २००६ को डिसेम्बरसम्म उपलब्ध सूचनामा आधारित छ ।

७. यो मौरिसस र प्यालेस्टिनमा महिलाको लागि नभए पनि कम प्रतिनिधित्व भएका समूहको लागि प्रयोग गरिन्छ ।

८. हेर्नुहोस्-Ballington, Julie, "Gender Equality in Political Party Funding", in Funding of Political Parties and Election Campaings (Stockholm: International IDEA, 2003) Chapter 9 pp 157-67.

## ९. थप अध्ययन सामग्री

### अन्तर्राष्ट्रिय आईडीईएका प्रकाशनहरु:

निम्न प्रकाशनहरू कम्प्युटरबाट प्रतिलिपि निकाल्न वा सोबाट विद्युतीय सामग्री प्राप्त गर्न सकिन्छ ।

(I) <http://www.idea.int/publications/browse/gender.cfm>

- *Women in Parliament: Beyond Numbers. A Revised Edition*, 2006
  English
- *Building Democracy in Egypt: Women's Political Participation, Political Party Life and Democratic Elections*
  Enghlish, Arabic
- *Building Democracy in Jordan: Women's Political Participation, Political Party Life and Democratic Elections*
  Enghlish, Arabic
- *Building Democracy in Yemen: Women's Policial Participation, Political Party Life and Democratic Elections*
  Enghlish, Arabic

- *Cuotas de género: Democracia y representacion*
  Spanish
- *Strengthening Women's Political Participation in Indonesia*
  English, Bahasa
- *La concepción del poder desde las mujeres*
  Spanish
- *The Implementation of Quotas: African Experiences*
  English
- *The Implementation of Quotas: Asian Experiences*
  English
- *The Implementation of Quotas: European Experiences*
  English
- *The Implementation of Quotas: Latin American Experiences*
  English, Spanish
- *Women in Parliament: Beyond Numbers* (1998 edition)
  English, French, Russian, Spanish
- *Mujer, Partidos Politicos y Reforma Electoral*
  Spanish

(2) <http://www.idea.int/publications/browse/electoral.cfm>

- *Electoral System Design: The New International IDEA Handbook*
  (2005 edition)
  English, Nepali, Spanish
- *Sistema Electoral*
  Spanish
- *Electoral System Design* (2002 edition)
  English, Arabic, Burmese, French, Spanish
- *Sistemas electorales y reforma electoral:una introducción*
  Spanish

अन्य लेखकहरुका लेख/अध्ययन प्रतिवेदनहरु निम्न वेभ साईटमा उपलब्ध हुन्छन्:
<http://www.quotaproject.org>
(by International IDEA and Stockholm University)

## कृतज्ञता

प्रस्तुत प्रकाशनको तयारीका लागि योगदान पुऱ्याउनु भएका सबैमा सहयोगका लागि हामी कृतज्ञतापूर्वक आभार व्यक्त गर्दछौं: Armineh Arakelian, Andrew Ellis, Camilla Hansson, Melida Jimenez, Eve Johansson, Carlos Navarro, Anh Nguyen; र Kristen Sample साथै IDEA का प्रकाशन प्रबन्धक Florencia Enghel लाई पनि धन्यवाद दिन्छौं ।

## १० शब्दावली

**वैकल्पिक मत (Alternative Vote):** एकल-सदस्यीय निर्वाचनक्षेत्रमा प्रयुक्त उम्मेदवार-केन्द्रित प्राथमिकता प्रदत्त बढीमत/वहुमत प्रणाली हो जसमा मतदाताहरूले आफ्नो प्राथमिकता दर्शाउन मतपत्रमा अङ्क प्रयोग गर्दछन् । प्रथम प्राथमिकताको सदर मतपत्रको पूर्ण वहुमत (५० प्रतिशत थप एकमत) ल्याउने उम्मेदवार निर्वाचित भएको घोषणा गरिन्छ। कुनै उम्मेदवारले प्रथम प्राथमिकताको पूर्ण वहुमत प्राप्त गर्न नसकेमा कम मत ल्याउने उम्मेवारलाई सूचीबाट हटाइन्छ र तिनका बाँकी सदर मत कुनै एक उम्मेदवारले पूर्ण वहुमत नल्याएसम्म पुनः वितरण गरिन्छ।

**मतपत्रको संरचना (Ballot Structure):** मतपत्रमा निर्वाचकले गर्ने छनोटको काम, खासगरी मतपत्र उम्मेदवार-केन्द्रित अथवा दल- केन्द्रित जेसुकै भए तापनि प्रस्तुत गर्नसक्छ भनेर देखाउने उपाय।

**निकटतम प्रतिद्वन्द्वी प्रणाली (Best loser System):** यस्तो प्रावधानअन्तर्गत पहिले कुनै समूहमा (उदाहरणतः महिलामध्ये) सबैभन्दा बढी मत ल्याई असफल उम्मेदवार यदि अन्य उम्मेदवारले ल्याएको मतभन्दा केही कम भए पनि विधायिकामा निर्वाचित हुन्छ । यस्तो व्यवस्था पूर्व निर्धारित कोटामा नपुगेसम्म गरिन्छ, उदाहरणतः यदि पुरुष उम्मेदवारले बढी मत जितेको भए पनि महिला उम्मेदवारहरूका बीचमा जसले कोटाले निर्धारण गरेको संख्याको हदसम्म बढी मत ल्याउँछ त्यस्तो व्यक्ति निर्वाचित हुन्छ ।

**एकमुष्ट मत (Block Vote):** वहुसदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग भएको बढीमत/वहुमत प्रणाली हो। मतदाताहरूले जति उम्मेदवार निर्वाचित गरिनुपर्ने हुन्छ त्यति नै मतदान गर्न पाउँछन्। कुल मतमा सबैभन्दा बढी मत ल्याउने उम्मेदवारले स्थान विजय हासिल गर्छ । मतदाताले सामान्यतः दललाईभन्दा उम्मेदवारलाई मत दिन्छन् र धेरैजसो प्रणालीमा तिनले चाहेअनुसार धेरैभन्दा धेरै वा थोरै मत प्रयोग गर्न सक्छन् ।

**प्राथमिकता गणना (Borda Count):** एकल वा वहुसदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग गरिएको उम्मेदवार-केन्द्रित प्राथमिकता प्रणाली हो, जसमा मतदाताले मतपत्रमा अङ्क दिएर आफ्नो प्राथमिकता सङ्केत गर्दछन् र यसरी प्राथमिकता दिइएको अङ्कलाई प्रत्येक कदममा सोही बराबरको मूल्य निर्धारण गरिन्छ। यस प्रकार हिसाब जोडी कुल मतमा सबैभन्दा बढी ल्याउनेलाई विजयी घोषित गरिन्छ।

**निर्वाचन क्षेत्रको व्यापकता (District magnitude):** एउटा निर्वाचन क्षेत्रको लागि यसबाट निर्वाचित हुने प्रतिनिधिको संख्या।

**निर्वाचन क्षेत्र (Electoral District):** निर्वाचनको प्रयोजनको निम्ति मुलुक, स्थानीय निकाय वा अधिराष्ट्रिय निकायमा विभाजन गरिएको भौगोलिक क्षेत्र। एक निर्वाचन क्षेत्रले निर्वाचित निकायमा एक वा बढी प्रतिनिधि निर्वाचन गर्नसक्छ।

**निर्वाचन सूत्र (Electoral Formula):** एक निर्वाचन प्रणालीमा विजेता निश्चित गर्ने नियम ।

**निर्वाचन व्यवस्थापन निकाय (Electoral Management Body):** निर्वाचन कानून अर्न्तगत निर्वाचन संचालन गर्न जिम्मेवारी दिइएको संस्था हो । धेरैजसो मुलुकमा यो उद्देश्यका लागि नियुक्त एक स्वतन्त्र आयोगको रुपमा वा सरकारबाट तोकिएको एक विभागको रुपमा रहन्छ ।

**निर्वाचन कोटा (Electoral Quota):** समानुपातिक प्रतिनिधित्व प्रणालीमा दल वा उम्मेदवारलाई खास निर्वाचन क्षेत्रमा एक स्थान विजय हासिल गर्न प्रत्याभूति गर्ने मतको संख्या । यसको सामान्य प्रयोगमा तीन अन्तरहरू छन्: हेयर (Hare), ड्रुप अथवा हेगेनवाश-बिसफ (Hagenbach-Bichoff) र इम्पेरियाली (Imperiali) कोटा ।

**निर्वाचन प्रणाली (Electoral System):** निर्वाचन कानून र नियमावलीको भाग हो जसले दल र उम्मेदवार कसरी एक निकायमा प्रतिनिधिको रुपमा चुनिन्छन् भन्ने कुरा निर्धारण गर्दछ । यसका तीनवटा मुख्य तत्वहरूमा- निर्वाचन सूत्र, मतपत्र संरचना र निर्वाचन क्षेत्रको व्यापकता रहेका हुन्छन् ।

**पहिलो हुने निर्वाचित हुने (First Past the Post):** बढीमत/वहुमत प्रणालीको सबभन्दा सरल रुप हो । विजयी उम्मेदवार भनेको त्यो हो जसले पूर्ण वहुमत नभए तापनि अन्य कुनै उम्मेदवारले भन्दा बढी मत ल्याएको हुन्छ । यो प्रणालीले एकल-सदस्यीय निर्वाचन क्षेत्र प्रयोग गर्दछ र मतदाताहरूले राजनीतिक दललाई भन्दा उम्मेदवारलाई मतदान गर्दछन् ।

**सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व (List Proportional Representation):** समानुपातिक प्रतिनिधित्वमा एकभन्दा बढी सदस्य भएको निर्वाचन क्षेत्रको प्रयोग आवश्यक पर्छ । सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीमा प्रत्येक दल वा समूहले वहुसदस्यीय निर्वाचन क्षेत्रका लागि उम्मेदवारहरूको सूची प्रस्तुत गर्दछन् । मतदाताहरूले दलको निम्ति मतदान गर्दछन् र दलहरूले पाएको सम्पूर्ण हिस्साको मतको अनुपातमा स्थान पाउँछन् । कुनै प्रणालीमा (बन्दसूची), विजयी उम्मेदवार दलको सूचीबाट तिनको स्थान क्रमअनुसार लिइन्छ । यदि सूची “खुल्ला” वा “स्वतन्त्र” भए मतदाताले आफ्ना वैयक्तिक प्राथमिकता अङ्कित गरेर उम्मेदवारको क्रमलाई प्रभाव पार्नसक्छन् ।

**मिश्रित सदस्य समानुपातिक (Mixed Member Proportional):** मिश्रित सदस्य समानुपातिक एक मिश्रित प्रणाली हो, जसमा मतदाताले प्रतिनिधि छनौट दुई भिन्न प्रणालीको प्रयोगबाट गर्दछन्- एक (धेरैजसो अवस्थामा) बढीमत/वहुमत प्रणाली, सामान्यत: एकल-सदस्यीय निर्वाचन क्षेत्रमा र अर्को समानुपातिक प्रतिनिधित्व प्रणाली । बढीमत/वहुमत प्रणाली अन्तर्गतको परिणामले पैदा गरेको कुनै अमिल्दो अनुपातको क्षतिपूर्ति गर्न समानुपातिक प्रतिनिधित्वको स्थान प्रदान गरिन्छ ।

**समानान्तर प्रणाली (Parallel System):** एक मिश्रित प्रणाली जसमा मतदाताले प्रतिनिधिको छनौट दुई भिन्न प्रणालीको प्रयोगबाट व्यक्त

गर्दछन्- एउटा सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली र (सामान्यतः) अर्को बढीमत/वहुमत प्रणाली, तर सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीमा बढीमत/वहुमत प्रणालीअनुसार परिणामको हिसाब गर्न स्थान वितरणको सम्बन्धमा ध्यान दिइदैन ।

**दलगत एकमुष्ट मत (Party Block Vote):** वहुसदस्यीय निर्वाचनक्षेत्रमा प्रयोग गरिने बढीमत/वहुमत प्रणाली जसमा मतदाताले आफूले रोजेको दलको पक्षमा एकल दल-केन्द्रित मतदान गर्दछन् र उम्मेदवारहरूका बीचबाट छनोट गर्दैनन् । अधिक मत प्राप्त गर्ने दलले निर्वाचनक्षेत्रको प्रत्येक स्थानमा विजय हासिल गर्छ ।

**दलीय व्यापकता (Party Magnitude):** एक निर्वाचनक्षेत्रको लागि, प्रत्येक दल वा समूहबाट निर्वाचित प्रतिनिधिको औसत संख्या । एक मुलुकको लागि दलीय व्यापकता औसत सबै निर्वाचनक्षेत्रहरूका लागि हुन्छ ।

**समानुपातिक प्रतिनिधित्व (Proportional Representation):** दल वा समूहको सम्पूर्ण मतको अनुपातमा निर्वाचित निकायमा स्थान सचेत रुपले रुपान्तरण गर्ने सिद्धान्तमा आधारित एक निर्वाचन प्रणालीको परिवार । उदाहरणको लागि एउटा दल जसले ३० प्रतिशत मत प्राप्त गर्दछ त्यसले करिब ३० प्रतिशत नै स्थान पाउँछ । सबै समानुपातिक प्रतिनिधित्व प्रणालीका लागि वहुसदस्यीय निर्वाचनक्षेत्र आवश्यक पर्छ । समानुपातिक प्रतिनिधित्व प्रणाली दुई किसिमका छन्, सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व र एकल सङ्क्रमणीय मत ।

**कोटा (Quota):** निर्वाचित निकायमा स्थानको संख्या वा दल वा समूहले मनोनयन गरेको अनुपात जुन विशेष किसिमका (यो प्रकाशनमा महिला) प्रतिनिधिबाट पूर्ति गरिनु आवश्यक हुन्छ । यसलाई महिलाको न्यूनतम संख्याको मनोनयन र निर्वाचन सुनिश्चित गर्न प्रयोग गरिन्छ ।

**सीमित मत (Limited Vote):** वहुसदस्यीय निर्वाचन क्षेत्रमा प्रयुक्त उम्मेदवार-केन्द्रित निर्वाचन प्रणाली जसमा मतदातालाई एकभन्दा बढी मत प्राप्त हुन्छ तर त्यहाँ भएका उम्मेदवारभन्दा केही कम मत दिइन्छ । कुल मतमा सबैभन्दा बढी मत पाउने उम्मेदवारले स्थानमा विजय हासिल गर्छ ।

**एकल असङ्क्रमणीय मत (Single Non-Transferable Vote):** मतदाताले वहुसदस्यीय निर्वाचन क्षेत्रमा एकल मतदान गर्दछन् । कुल मतको सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी भएको घोषणा गरिन्छ । मतदाताले राजनीतिक दललाईभन्दा उम्मेदवारलाई मतदान गर्छन् ।

**एकल सङ्क्रमणीय मत (Single Transferable Vote):** वहुसदस्यीय निर्वाचन क्षेत्रमा प्राथमिकता प्रदत्त प्रणाली जसमा मतदाताले उम्मेदवारलाई प्राथमिकता तोकेर मतदान गर्दछन् र प्रथम प्राथमिकता दिइएको निश्चित निर्वाचन कोटा नघाउने उम्मेदवार तत्कालै निर्वाचित हुन्छ । त्यसपछिका मतगणनामा सबभन्दा कम मत पाउने उम्मेदवारहरूलाई हटाई पर्याप्त संख्यामा उम्मेदवार विजयी नभएसम्म मत

पुनः वितरण गरिन्छ । दलीय सूचीको रुपमा विकल्पको सम्भावना रहे तापनि मतदाताले दललाई भन्दा सामान्यतः उम्मेदवारलाई मतदान गर्दछन् ।

**दुई-चरण प्रणाली (Two-Round System):** बढीमत⁄वहुमत प्रणाली जसमा यदि प्रथम निर्वाचनको चरणमा कुनै पनि उम्मेदवारले निर्धारित स्तरको मत, ज्यादै सामान्य प्रचलनमा पूर्ण वहुमत (५०% मा थप १) ल्याउन सकेन भने दोस्रो निर्वाचन हुन्छ । दुई-चरण प्रणालीले वहुमत प्रणालीको स्वरुप लिनसक्छ जसमा दुईभन्दा बढी उम्मेदवारले दोस्रो चरणका लागि प्रतिस्पर्धा गर्न सम्भव हुन्छ । दोस्रो चरणमा सबभन्दा बढी मत ल्याउने उम्मेदवारले पूर्ण वहुमत नल्याए तापनि विजयी घोषित गरिन्छ । वैकल्पिक  तवरमा दुई चरण प्रणालीले वहुमत दौडको स्वरुप लिनसक्छ, जसमा प्रथम चरणमा माथिल्लो स्थानमा रहेका दुई उम्मेदवारहरूले मात्र दोस्रो चरणको लागि प्रतिस्पर्धा गर्नसक्छन् ।

**न्यूनतम सीमा (Threshold):** न्यूनतम स्तरको समर्थन जुन दललाई व्यवस्थापिकामा प्रतिनिधित्व प्राप्त गर्नका निम्ति आवश्यक पर्छ । यस्तो सीमा एक औपचारिक तवरको हुनसक्छ, जसलाई संविधान अथवा कानूनले नै सामान्यतः खसेको सदर मतको प्रतिशतका रुपमा निश्चित संख्या तोकेको हुन्छ अथवा प्रभावकारी वा प्राकृतिक न्यूनतम सीमा जुन प्रचलित निर्वाचन प्रणालीको गणितीय गुण हो ।

**तह (Tier):** त्यो तह जसमा उम्मेदवार निर्वाचित हुन्छन् । यो स्थानीय, क्षेत्रीय वा राष्ट्रिय हुनसक्छ । यसरी प्रत्येक निर्वाचन प्रणालीमा कम्तीमा एक तह हुन्छ, तर धेरैजसोमा दुई र कुनै समयमा तीन पनि हुन्छन् ।

**जिपर (Zipper):** दलको सूचीमा प्रत्येक अर्को क्रममा पुरुष र प्रत्येक अर्को क्रममा महिला आवश्यक पर्ने कोटा । यसलाई जेब्रा प्रणाली पनि भनिन्छ ।

# ग्रामीण विकास प्रतिष्ठानका बारेमा

ग्रामीण विकास प्रतिष्ठान वहुपेशागत व्यावसायिक समूहद्वारा २०५३ सालमा स्थापित एक स्वतन्त्र एवं गैर-सरकारी सामाजिक संस्था हो । हाल यसको व्यावसायिक समूहमा कानूनविद्, न्यायकर्मी, मानव अधिकारवादी, महिला अधिकारवादी, संस्थागत विशेषज्ञ, सामाजिक तथा प्राकृतिक स्रोत व्यवस्थापन विज्ञ, संरक्षणवादी तथा प्रशासन विज्ञहरू संलग्न छन् ।

## प्रतिष्ठानका प्रमुख कार्यक्षेत्रहरु

- सुशासन र विकेन्द्रीकरण
- मानव अधिकार र सामाजिक न्याय
- महिला र लैङ्गिक न्याय
- प्राकृतिक स्रोत व्यवस्थापन
- सामुदायिक विकास

## प्रतिष्ठानको मुख्य उद्देश्य

सुशासन, विकेन्द्रीकरण, सामाजिक न्याय, मानव अधिकार तथा गरिबी निवारणसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्ने । महिला, विपन्न र पिछडिएका समुदायको सर्वाङ्गीण विकासका कार्यक्रमहरूलाई प्राथमिकता दिई उनीहरूको सशक्तीकरणका लागि पहल गर्ने ।

## प्रतिष्ठानको रणनीति

प्रतिष्ठानले सरोकारवालाहरूको संलग्नतामा विकेन्द्रीकरण, मानव अधिकार, सामाजिक न्याय समेतको सहभागितामूलक शासन प्रणाली र मुलुकको प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धमा नीति निर्माण, परामर्श, पारित नीतिको कार्यान्वयनमा सहजीकरण तथा अनुगमन र लक्षित समूहको प्रतिकृयासहित नीति निर्माणमा पुनरावलोकनका लागि सघाउ पुऱ्याउने रणनीति अवलम्बन गर्दछ ।

प्रतिष्ठानले सरकारी, गैरसरकारी तथा स्थानीय तहमा रहेका अन्य क्षेत्रहरूसँग साझेदारीमा लक्षित कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । विशेष गरी स्थानीय निकायहरू - गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समिति तथा ती निकायहरूका राष्ट्रिय महासंघ/संघसँग समन्वय गरी स्थानीय निकायहरूको क्षमता विकास, स्वायत्त-शासन प्रणालीको

सुदृढीकरण तथा सुशासनका पक्षमा विभिन्न गतिविधि सञ्चालन गर्दै आएको छ । स्थानीय स्रोत साधन तथा प्राकृतिक व्यवस्थापनद्वारा कमजोर वर्गको उत्थानको लागि विशेष कार्यक्रमहरूको पहिचान र सञ्चालनमा क्रियाशील छ। प्रतिष्ठानले विकेन्द्रित स्वायत्त-शासन, पूर्ण निक्षेपण र निर्वाचन प्रणालीका विविध क्षेत्रमा अध्ययन, अनुसन्धान तथा अन्तरक्रिया गरी प्रस्तुत गरेका प्रतिवेदनहरू उपयोगी सिद्ध भएका छन् । प्रतिष्ठानले नुवाकोट, धादिङ, जुम्ला, नवलपरासी, बारा, सुर्खेत र रौतहटमा आफ्ना शाखामार्फत र अन्य जिल्लामा सदस्य, सम्पर्क व्यक्ति र स्थानीय गैरसरकारी संस्थामार्फत कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

ग्रामीण विकास प्रतिष्ठान
Rural Development Foundation
Babarmahal, Kathmandu-11, Nepal
P.O. Box. 5473
Tel: +977 1 424 6650
Fax: +977 1 4267 739
E-mail: rdf@mail.com.np
Website: http://www.rdfnepal.org.np

INTERNATIONAL IDEA
INSTITUTE FOR DEMOCRACY AND ELECTORAL ASSISTANCE




This map does not imply any judgement on the part of International IDEA on the legal status of any territory or the endorsement of such boundaries, nor does the placement or size of any country or territory reflect the political view of International IDEA.

सन् १९९५ मा बेइजिङ्ग प्रक्रिया अवलम्बन गरेदेखि राष्ट्रिय विधायिकामा निर्वाचित महिलाको संख्यामा केही सुधार आए तापनि अन्तर-व्यवस्थापिका संघ (Inter-Parliamentary Union) ले निकालेको क्रमसूचीअनुसार, जनवरी २००७ सम्म विश्वका १९ मुलुकहरूले मात्र राष्ट्रिय विधायिकामा महिलाको प्रतिनिधित्व ३० + प्रतिशत पुऱ्याउने लक्ष्य हासिल गर्न सकेका छन् ।

विधायिकामा प्रतिनिधि निर्वाचनका लागि प्रयोग गरिएको निर्वाचन प्रणाली र महिलाको निम्ति कोटा रहनु महत्वपूर्ण तत्वहरू हुन् जसले महिलाको राजनीतिक प्रतिनिधित्वलाई असर पार्दछ। "समानताका लागि प्रारुप" (Designing for Equality) ले विभिन्न किसिमका कोटासहित उपयुक्त हुने विविध निर्वाचन प्रणालीको सिंहावलोकन प्रस्तुत गर्दछ । यसले निर्वाचन प्रणाली र कोटाको विभिन्न सम्मिश्रणबाट महिलाको प्रतिनिधित्वको अभिवृद्धि कसरी गर्न सकिन्छ भनेर विश्लेषण गर्दछ र जो राजनीतिमा महिलाको प्रतिनिधित्व वृद्धिका लागि कार्य गर्दछन् ती सबैका लागि सन्दर्भ सामग्रीको रुपमा सहयोग पुऱ्याउँछ ।

**अन्तर्राष्ट्रिय आईडिईएको बारेमा**

प्रजातन्त्र र निर्वाचन सहयोगका लागि अन्तर्राष्ट्रिय संस्था (International Institute for Democracy and Electoral Asistance) एक अन्तरसरकारी संगठनले संसारभर दिगो प्रजातन्त्रका लागि सहयोग पुऱ्याउँछ । यसको लक्ष्य प्रजातान्त्रिक संस्था र प्रक्रियालाई सुदृढ तुल्याउनु हो ।

अन्तर्राष्ट्रिय आईडीईएले प्रजातन्त्रको सवालमा बहसका लागि ज्ञान स्रोत, विज्ञविचार र मञ्च उपलब्ध गराई प्रजातन्त्र निर्माणको निम्ति सहजकर्ताको कार्य गर्दछ । यसले प्रजातन्त्र निर्माणको क्षेत्रमा संलग्न नीति निर्माता, दातृ सरकार, संयुक्त राष्ट्रसङ्घीय सङ्गठन र निकायहरू, क्षेत्रीय सङ्गठनहरू तथा अन्यसँग मिलेर कार्य गर्दछ ।

अन्तर्राष्ट्रिय आईडीईएको विज्ञताका उल्लेखनीय क्षेत्रहरू निम्न छन्:

- संविधान-निर्माण प्रक्रिया
- निर्वाचन प्रक्रिया
- राजनीतिक दलहरू
- प्रजातन्त्र र लैङ्गिक विषय
- प्रजातन्त्रको विश्लेषण

अन्तर्राष्ट्रिय आईडीईएले संसारभर कार्यगर्दछ । यो स्टकहोम, स्वेडेनमा अवस्थित छ र ल्याटिन अमेरिका, अफ्रिका र एसियामा कार्यालयहरू रहेका छन् ।

ISBN: 978-91-85724-12-2
9 789185 724123

RURAL DEVELOPMENT FOUNDATION
Post Box: 5473
Babarmahal, Kathmandu-11
Nepal
Phone: +977 1 4246650
Fax: +977 1 4267739
E-mail: kmprdf@mail.com.np
Website: http://www.rdfnepal.org.np

INTERNATIONAL IDEA
Strömsborg
S-103 34 Stockholm
Sweden
Phone: +46 8 698 37 00
Fax: +46 8 20 24 22
E-mail: info@idea.int
Website: http://www.idea.int

# समानतका लागि प्रारूप

हरियो = सर्वोत्तम सम्मिश्रण

पहेंलो = साधारण सम्मिश्रण (उपयुक्त तवरले काम गर्छ तर विशेष ध्यान दिन आवश्यक)

रातो = अनुपयुक्त सम्मिश्रण

| निर्वाचन प्रणाली / कोटा प्रकार | सानो निर्वाचन क्षेत्रसहित सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व | ठूलो निर्वाचन क्षेत्रसहित सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व | पहिलो हुने निर्वाचित हुने | दुई-चरण प्रणाली | समानान्तर प्रणाली | मिश्रित सदस्य समानुपातिकता | एकमुष्ट मत, सीमित मत र एकल असङ्क्रमणीय मत | दलगत एकमुष्ट मत | वैकल्पिक मत | एकल सङ्क्रमणीय मत | प्राथमिकता गणना |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कोटा नभएको | सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीले महिलालाई मनोनीत गर्न प्रेरणा दिनुका साथै विभिन्न उपायबाट महिला निर्वाचित हुने सम्भावना बढाउँछ । पुरुषको साथसाथै महिलालाई मनोनयन गर्न सकिन्छ जसले गर्दा बहाल हुन आउने पुरुषलाई विशेष किसिमले चुनौती दिन पर्दैन, धेरैजसो मत दललाई अर्को स्थान दिने दृष्टिबाट जान्छ, यसको अर्थ यो हो कि दलले आफ्नो पहिचान गरिएका समूहभन्दा बाहिर प्रचार प्रसार गर्नु महत्वपूर्ण हुनेछ । दलहरू धेरै हुन सक्छन् र नीतिगत दृष्टिमा एक-अर्कामा घनिष्ट रहन्छन्, यसको अर्थ के हो भने दलहरू जो महिलाप्रति "स्वच्छ" नरहेको ठानिन्छ तिनले मतदाता गुमाउने र यस्तै अन्य परिणाम ल्याउन सक्छ । ठूलो निर्वाचन क्षेत्र र ठूलो दलीय व्यापकता भएमा महिला निर्वाचित हुने सम्भावना बढ्छ । | सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीले महिलालाई मनोनयन गर्न प्रेरणा दिन्छ साथै विभिन्न उपायबाट महिला निर्वाचित हुने सम्भावना बढाउँछ । पुरुषको साथसाथै महिलालाई मनोनयन गर्न सकिन्छ जसले गर्दा बहाल हुन आउने पुरुषलाई विशेष किसिमले चुनौती दिन पर्दैन, धेरैजसो मत दललाई अर्को स्थान दिने दृष्टिबाट जान्छ, यसको अर्थ यो हो कि दलले आफ्नो पहिचान गरिएका समूहभन्दा बाहिर प्रचार प्रसार गर्नु महत्वपूर्ण हुनेछ । दलहरू धेरै हुन सक्छन् र नीतिगत दृष्टिमा एक-अर्कामा घनिष्ट रहन्छन्, यसको अर्थ के हो भने दलहरू जो महिलाप्रति "स्वच्छ" नरहेको ठानिन्छ तिनले मतदाता गुमाउने र यस्तै अन्य परिणाम ल्याउँछ । ठूलो निर्वाचन क्षेत्र र ठूलो दलीय व्यापकता भएमा महिला निर्वाचित हुने सम्भावना बढ्छ । | महिलालाई निर्वाचित गर्न कुनै विशेष उत्प्रेरणा प्रदान गर्दैन । पदमा आउनेहरू सामान्यतः पुरुष हुन्छन् र दलबाट एउटा मात्र उम्मेदवार निर्वाचित हुनसक्ने हुँदा दल सबभन्दा बढी स्वीकार्य उम्मेदवारको पक्षमा जानसक्छ (यदि त्यो बहालवाला छ भने सामान्यतः पुरुष हुनेछ) । | महिलालाई निर्वाचित गर्न कुनै विशेष उत्प्रेरणा प्रदान गर्दैन । पदमा आउनेहरू सामान्यतः पुरुष हुन्छन् र दलबाट एउटा मात्र उम्मेदवार निर्वाचित हुनसक्ने हुँदा दल सबभन्दा बढी स्वीकार्य उम्मेदवारको पक्षमा जानसक्छ (यदि त्यो बहालवाला छ भने सामान्यतः पुरुष हुनेछ) । | यो प्रणालीको सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वको अंशले महिलालाई मनोनयन र निर्वाचित गर्न उत्प्रेरणा प्रदान गर्छ, तर दोस्रो तत्वमा प्रायः यस्तो उत्प्रेरणा रहँदैन- परिणामतः महिलाको निर्वाचनमा मध्यम किसिमको असर रहन्छ । | यो प्रणालीले सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वको अंशले महिलालाई मनोनयन र निर्वाचित गर्न उत्प्रेरणा प्रदान गर्छ, तर दोस्रो तत्वमा प्रायः यस्तो उत्प्रेरणा रहँदैन- परिणामतः महिलाको निर्वाचनमा मध्यम किसिमको असर रहन्छ । | महिलालाई निर्वाचित गर्न कुनै विशेष उत्प्रेरणा प्रदान गर्दैन । | एउटा ज्यादै असामान्य प्रणाली, जसले राम्रोसँग काम गर्न उत्प्रेरणा दिन्छ (बहालवाला पुरुषलाई मनोनयन गर्ने सम्भावनालाई खास किसिमले तिरस्कार नगर्दै एउटा सन्तुलित सूचीको रुपमा) । तथापि यसमा सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वले दिने सबै उत्प्रेरणा हुँदैनः जस्तो कि दलका मुख्य मतदाताभन्दा बाहिर प्रचार प्रसार गर्न पाउने स्पष्ट उत्प्रेरणा, अथवा आफूबीच केही मतभिन्नतासहित संसद्मा धेरै दलहरू रहने, मतदाताहरू परिवर्तन गरेर जानसक्ने विशेषता भएको । | महिलालाई निर्वाचित गर्न कुनै विशेष उत्प्रेरणा प्रदान गर्दैन । पदमा आउनेहरू सामान्यतः पुरुष हुन्छन् र दलबाट एउटा मात्र उम्मेदवार निर्वाचित हुनसक्ने हुँदा दल सबभन्दा बढी स्वीकार्य उम्मेदवारको पक्षमा जानसक्छ (यदि त्यो बहालवाला छ भने सामान्यतः पुरुष हुनेछ) । | महिलालाई निर्वाचित गर्न कुनै विशेष उत्प्रेरणा प्रदान गर्दैन । | एउटा ज्यादै असामान्य प्रणाली, जसले राम्रोसँग काम गर्न उत्प्रेरणा दिन्छ (बहालवाला पुरुषलाई मनोनयन गर्ने सम्भावनालाई खास किसिमले तिरस्कार नगर्दै एउटा सन्तुलित सूचीको रुपमा) । तथापि यसमा सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वले दिने सबै उत्प्रेरणा हुँदैन : जस्तो कि पार्टीका मुख्य मतदाताभन्दा बाहिर प्रचार प्रसार गर्न पाउने स्पष्ट उत्प्रेरणा, अथवा आफूबीच केही मतभिन्नतासहित संसद्मा धेरै दलहरू रहने, मतदाताहरू परिवर्तन गरेर जानसक्ने विशेषता भएको । |
| आरक्षित स्थानः कुनै निर्वाचन क्षेत्र महिला उम्मेदवारलाई मात्र | निर्वाचित हुन सम्भव, तर मुलुकको कुनै भागमा अथवा आलोपालोको आधारमा | निर्वाचित हुन सम्भव, तर मुलुकको कुनै भागमा अथवा आलोपालोको आधारमा | निर्वाचित हुन सम्भव, तर मुलुकको कुनै भागमा अथवा आलोपालोको आधारमा (उदाहरणतः उपराष्ट्रिय तहमा भारत) | निर्वाचित हुन सम्भव, तर मुलुकको कुनै भागमा अथवा आलोपालोको आधारमा | निर्वाचित हुन सम्भव, तर मुलुकको कुनै भागमा अथवा आलोपालोको आधारमा | निर्वाचित हुन सम्भव, तर मुलुकको कुनै भागमा अथवा आलोपालोको आधारमा | निर्वाचित हुन सम्भव, तर मुलुकको कुनै भागमा अथवा आलोपालोको आधारमा | निर्वाचित हुन सम्भव, तर मुलुकको कुनै भागमा अथवा आलोपालोको आधारमा | निर्वाचित हुन सम्भव, तर मुलुकको कुनै भागमा अथवा आलोपालोको आधारमा | निर्वाचित हुन सम्भव, तर मुलुकको कुनै भागमा अथवा आलोपालोको आधारमा | निर्वाचित हुन सम्भव, तर मुलुकको कुनै भागमा अथवा आलोपालोको आधारमा |
| आरक्षित स्थानः महिला उम्मेदवारलाई मात्र एक तह | जहाँ महिलामात्र उठ्न पाउँछन् त्यस्तोमा एक तहको कोटाले प्रावधान गरेसम्म आरक्षणबाट बढीभन्दा बढी महिला निर्वाचित हुन प्रत्याभूति गर्दछ । | जहाँ महिलामात्र उठ्न पाउँछन् त्यस्तोमा एक तहको कोटाले प्रावधान गरेसम्म आरक्षणबाट बढीभन्दा बढी महिला निर्वाचित हुन प्रत्याभूति गर्दछ । | जहाँ महिलामात्र उठ्न पाउँछन् त्यस्तोमा एक तहको कोटाले प्रावधान गरेसम्म आरक्षणबाट बढीभन्दा बढी महिला निर्वाचित हुन प्रत्याभूति गर्दछ । | जहाँ महिलामात्र उठ्न पाउँछन् त्यस्तोमा एक तहको कोटाले प्रावधान गरेसम्म आरक्षणबाट बढीभन्दा बढी महिला निर्वाचित हुन प्रत्याभूति गर्दछ । | जहाँ महिलामात्र उठ्न पाउँछन् त्यस्तोमा एक तहको कोटाले प्रावधान गरेसम्म आरक्षणबाट बढीभन्दा बढी महिला निर्वाचित हुन प्रत्याभूति गर्दछ । (उदाहरणतः पाकिस्तान) | जहाँ महिलामात्र उठ्न पाउँछन् त्यस्तोमा एक तहको कोटाको प्रावधान भएसम्म आरक्षणबाट बढीभन्दा बढी महिला निर्वाचित हुन प्रत्याभूति गर्दछ । | जहाँ महिलामात्र उठ्न पाउँछन् त्यस्तोमा एक तहको कोटाको प्रावधान भएसम्म आरक्षणबाट बढीभन्दा बढी महिला निर्वाचित हुन प्रत्याभूति गर्दछ । | जहाँ महिलामात्र उठ्न पाउँछन् त्यस्तोमा एक तहको कोटाको प्रावधान भएसम्म आरक्षणबाट बढीभन्दा बढी महिला निर्वाचित हुन प्रत्याभूति गर्दछ । | जहाँ महिलामात्र उठ्न पाउँछन् त्यस्तोमा एक तहको कोटाको प्रावधान भएसम्म आरक्षणबाट बढीभन्दा बढी महिला निर्वाचित हुन प्रत्याभूति गर्दछ । | जहाँ महिलामात्र उठ्न पाउँछन् त्यस्तोमा एक तहको कोटाको प्रावधान भएसम्म आरक्षणबाट बढीभन्दा बढी महिला निर्वाचित हुन प्रत्याभूति गर्दछ । | जहाँ महिलामात्र उठ्न पाउँछन् त्यस्तोमा एक तहको कोटाको प्रावधान भएसम्म आरक्षणबाट बढीभन्दा बढी महिला निर्वाचित हुन प्रत्याभूति गर्दछ । |
| आरक्षित स्थानः निकटतम प्रतिद्वन्द्वी प्रणाली | निर्वाचित हुन सम्भव, तर खुलासूचीमा मात्र । यदि बन्द सूची भए उम्मेदवार-केन्द्रित मतदान नहुने हुँदा त्यहाँ निकटतम प्रतिद्वन्दी हुँदैनन् । सूचीमा पर्याप्त संख्यामा महिला उम्मेदवार नभएमा मात्र यसले काम गर्छ । | निर्वाचित हुन सम्भव, तर खुलासूचीमा मात्र । यदि बन्द सूची भए उम्मेदवार-केन्द्रित मतदान नहुने हुँदा त्यहाँ निकटतम प्रतिद्वन्दी हुँदैनन् । सूचीमा पर्याप्त संख्यामा महिला उम्मेदवार नभएमा मात्र यसले काम गर्छ । | प्रत्येक निर्वाचन क्षेत्रबाट एक व्यक्ति मात्र निर्वाचित हुने हुँदा यसमा सम्भावना छैन । | दुई-चरण प्रणालीले सधैंभरि एकल-सदस्यीय निर्वाचन क्षेत्र प्रयोग गर्ने हुँदा यसमा सम्भावना छैन । | प्रणालीको सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वको भागमा मात्र सम्भव (यदि धेरैजसो मामिलामा निर्वाचन क्षेत्रको तत्व पहिलो हुने निर्वाचित हुने रहे) र यदि सूची खुला भए मात्र । | प्रणालीको सूचिमा आधारित समानुपातिक प्रतिनिधित्वको भागमा मात्र सम्भव (यदि धेरैजसो मामिलामा निर्वाचन क्षेत्रको तत्व पहिलो हुने निर्वाचित हुने रहे) र यदि सूची खुला भए मात्र । | निर्वाचित हुन सम्भव (अल्पप्रतिनिधित्व सूमहका लागि मौरिसस र प्यालेष्टिनमा प्रयोग भएको) । पर्याप्त महिला उम्मेदवार नभएमा मात्र काम गर्छ । प्रतिस्पर्धी दलहरूसँग कुनै स्थान नहार्ने गर्न दलहरूले महिलालाई स्थान दिन उत्प्रेरणा दिन्छ । (उदाहरणः जोर्डन) | बन्दसूची रहेकोमा सम्भावना छैन (जुन संधैभरिको मामिला हो) । यदि खुलासूचीमा आधारित भए, कोटाले खुलासूची समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत सरह त्यस्तै काम गर्नसक्छ । | प्रत्येक निर्वाचन क्षेत्रबाट एक व्यक्ति मात्र निर्वाचित हुने हुँदा यसमा सम्भावना छैन । | एकमुष्ट मत, सीमित मत र एकल असंक्रमणीय मतको तर्कसरह यो सम्भव छ । जब प्रत्येक निर्वाचन क्षेत्रमा आरक्षित स्थानमा बाहेक सबै स्थान पूर्ति हुन्छ- यदि कुनै महिला निर्वाचित नभए सबभन्दा बढी मत ल्याउने महिला निर्वाचित हुन्छ । | एकमुष्ट मत, सीमित मत, एकल असङ्क्रमणीय मत र एकल सङ्क्रमणीय मतमा यो सम्भव छ । तर बहुसदस्यीय निर्वाचन क्षेत्रमा मात्र । |
| मनोनयनः स्थानपूर्तिको जनादेश / पदक्रम नियमबेगर | महिला निर्वाचित हुने सम्भावना बढाउँछ । तर ठूलो निर्वाचन क्षेत्र वा पद-क्रम नियममा जतिको हुँदैन । महिलालाई मतदान गर्ने अनिच्छुक भएका जनसंख्या धेरै भएका मुलुकमा खुला सूची (बन्दसूचीको तुलनामा) कोटाको असरलाई सीमित तुल्याउँछ, जब कि महिला उम्मेदवारलाई मतदान गर्न इच्छुक जनसंख्या भएका देशमा, खुला सूचीले महिला उम्मेदवारको पक्षमा काम गर्न सक्छ (उदाहरणः पेरु र पारागुए) | महिला निर्वाचित हुने सम्भावनालाई उल्लेखनीय तवरमा बढाउँछ, विशेष गरी ठूलो दलीय व्यापकतामा महिलालाई सूचीको ज्यादै तल्लो तहमा राखिए तापनि निर्वाचित हुने प्रवृत्ति रहन्छ (उदाहरणः मासेडोनिया) | सामान्यतः प्रत्येक निर्वाचन क्षेत्रमा प्रत्येक दलबाट एक मात्र उम्मेदवार उठ्ने हुँदा यसमा सम्भावना छैन । यदि मनोनीत उम्मेदवार को हकमा कोटाको कारणले गर्दा एकभन्दा बढी उम्मेदवार उठ्ने हो भने दोस्रो बलियो उम्मेदवार मनोनयन गर्न दलको हित विपरीत हुन्छ, जसबाट दुईको बीचमा मत बाँडिने जोखिम रहन्छ र यसको सट्टामा दलले पहिलो उम्मेदवारको पक्षमा अधिकतम समर्थन बटुल्न कमजोर र अपरिचित महिला उम्मेदवार मनोनयन गर्नसक्छ । निर्वाचन क्षेत्रहरूका बीचमा यस्तो सम्भव छ (राष्ट्रिय अथवा क्षेत्रीय स्तरमा) उदाहरणतः यो विचार गर्नुपर्छ कि महिलालाई कुनै निर्वाचन क्षेत्रमा पठाइने छ । महिला मात्रको तहसँग भ्रममा पर्न हुँदैन । यो दौडमा यस्तो जोखिम रहन्छ कि दलहरू जसले महिलालाई मनोनयन गर्न उत्सुक हुँदैनन् तिनले महिलालाई प्रतिस्पर्धी दलले केही गरी स्थान जित्नसक्ने निर्वाचन क्षेत्रमा मात्र मनोनयन गर्दछन् । (उदाहरणतः नेपाल, सन् १९९९ को निर्वाचन) | सामान्यतः प्रत्येक निर्वाचन क्षेत्रमा प्रत्येक दलबाट एक मात्र उम्मेदवार उठ्ने हुँदा यसमा सम्भव छैन । यदि मनोनीत उम्मेदवारको हकमा कोटाको कारणले गर्दा एकभन्दा बढी उम्मेदवार उठ्ने हो भने दोस्रो बलियो उम्मेदवार मनोनयन गर्न दलको हित विपरीत हुन्छ, जसबाट दुईको बीचमा मत बाँडिने जोखिम रहन्छ र यसको सट्टामा दलले पहिलो उम्मेदवारको पक्षमा अधिकतम समर्थन बटुल्न कमजोर र अपरिचित महिला उम्मेदवार मनोनयन गर्नसक्छ । | सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीको भागको रुपमा यस्तो सम्भावना छ । एकल सदस्यीय निर्वाचन क्षेत्रको लागि यो प्रणालीको भागको रुपमा यो लहरको पहिला हुने निर्वाचित हुने प्रणाली शाखा हेर्नुहोस् । यसको प्रभावकारिता खुलासूची अथवा बन्दसूची र दलीय व्यापकताले असर पार्दछ । (उदाहरणतः अर्मेनिया २००३ को निर्वाचनमा ५% कोटा र गणतन्त्र कोरिया) | सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीको भागको रुपमा यस्तो सम्भावना छ । एकल सदस्यीय निर्वाचन क्षेत्रको लागि यो प्रणालीको भागको रुपमा यो लहरको पहिला हुने निर्वाचित हुने प्रणाली शाखा हेर्नुहोस् । यसको प्रभावकारिता खुलासूची अथवा बन्दसूची र दलीय व्यापकताले असर पार्दछ । | सिद्धान्ततः यो सम्भव छ, विशेष गरी यदि धेरै स्वतन्त्र उम्मेदवारहरू उठेमा गाह्रो हुन्छ । एकल असङ्क्रमणीय मत र सीमित मतभन्दा एकमुष्ट मतले राम्रो काम गर्ने सम्भावना छ किनकि मतदातालाई स्थानपूर्ति गरिनुपर्ने बराबर मत प्राप्त हुन्छ र जो एक दलप्रति निष्ठावान हुन्छन् तिनले महिला उम्मेदवार लगायत एकै दललाई मतदान गर्ने हुन्छन् । | सम्पूर्ण सूचीका नै निर्वाचित हुने हुँदा यसले काम गर्ने प्रत्याभूति छ । स्वतन्त्र उम्मेदवारहरू (जसले कोटाको असरलाई कम पार्छन्) ले जित्ने सम्भावना कम हुँदा उम्मेदवार नबन्न सक्छन् । (उदाहरणतः क्यामेरुन- दुई ठूला दलहरूले अवलम्बन गरेका स्वेच्छिक दलीय कोटा र जिबुटी) । | सामान्यतः प्रत्येक निर्वाचन क्षेत्रमा प्रत्येक दलबाट एक मात्र उम्मेदवार उठ्ने हुँदा यसमा सम्भावना छैन । यदि मनोनीत उम्मेदवारको हकमा कोटाको कारणले गर्दा एकभन्दा बढी उम्मेदवार उठ्ने हो भने दोस्रो बलियो उम्मेदवार मनोनयन गर्न दलको हित विपरीत हुन्छ, जसबाट दुईको बीचमा मत बाँडिने जोखिम रहन्छ र यसको सट्टामा दलले पहिलो उम्मेदवारको पक्षमा अधिकतम समर्थन बटुल्न कमजोर र अपरिचित महिला उम्मेदवार मनोनयन गर्नसक्छ । | सिद्धान्ततः यो सम्भव छ, विशेष गरी यदि धेरै स्वतन्त्र उम्मेदवारहरू उठेमा स्वतन्त्र उम्मेदवारहरूबिना पनि महिला उम्मेदवारहरूले विजय हासिल गर्न गाह्रो हुन्छ । | यो सम्भव छ तर मतदाताहरूले तिनका प्राथमिकता अङ्कित गर्ने हुँदा साधारण असर पर्दछ । |
| मनोनयनः स्थानपूर्तिको जनादेश / पदक्रम नियमसहित प्रतिशत नियम (माथिल्लो क्रमनिर्धारण, जिपर कोटा) | बन्दसूची रहेकोमा यसले काम गर्ने प्रत्याभूति छ । यदि सूची खुला भए क्रम परिवर्तन हुनसक्छ र यसले यसरी पूर्वनिश्चित क्रमलाई तलमाथि पार्छ । ठूलो निर्वाचन क्षेत्रसहित सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीमाभन्दा सानो निर्वाचन क्षेत्रसहितको सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीमा केही कम प्रभावकारी हुनसक्छ । किनभने यसमा दलीय व्यापकता कम हुनसक्छ र जिपर कोटामा पनि धेरै पुरुष (सामान्यतः दलका माथिल्ला तहका) निर्वाचित हुने सम्भावना रहन्छ (उदाहरणतः डोमिनिकन गणतन्त्र र इक्वेडर) । | बन्दसूची रहेकोमा यसले काम गर्ने प्रत्याभूति छ । यदि सूची खुला भए, क्रम परिवर्तन हुनसक्छ र यसले यसरी पूर्वनिश्चित क्रमलाई तलमाथि पार्छ । ठूलो निर्वाचन क्षेत्रसहित सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीमाभन्दा सानो निर्वाचन क्षेत्रसहितको सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीमा केही कम प्रभावकारी हुनसक्छ । किनभने यसमा दलीय व्यापकता कम हुनसक्छ र जिपर कोटामा पनि धेरै पुरुष (सामान्यतः दलका माथिल्ला तहका) निर्वाचित हुने सम्भावना रहन्छ (उदाहरणतः कोस्टारिका, अर्जेण्टिना, बेल्जियम, पोर्चुगल र इराक २००५ को निर्वाचन) । | क्रम निर्धारण पहिले नै निश्चित गर्न नसक्ने हुँदा यसमा सम्भावना छैन । | क्रम निर्धारण पहिले नै निश्चित गर्न नसक्ने हुँदा यसमा सम्भावना छैन । | सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीको भागको रुपमा यस्तो सम्भावना छ । एकल सदस्यीय निर्वाचन क्षेत्रको लागि यो प्रणालीको भागको रुपमा यो लहरको पहिला हुने निर्वाचित हुने प्रणाली शाखा हेर्नुहोस् । यसको प्रभावकारिता खुलासूची अथवा बन्दसूची र दलीय व्यापकताले असर पार्दछ (उदाहरणतः प्यालेस्टिन) । | सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीको भागको रुपमा यस्तो सम्भावना छ । एकल सदस्यीय निर्वाचन क्षेत्रको लागि यो प्रणालीको भागको रुपमा यो लहरको पहिला हुने निर्वाचित हुने प्रणाली शाखा हेर्नुहोस् । यसको प्रभावकारिता खुलासूची अथवा बन्दसूची र दलीय व्यापकताले असर पार्दछ (उदाहरणतः बोलिभियाको संविधानसभा निर्वाचन २००६ र मेक्सिको) । | क्रम निर्धारण पहिले नै निश्चित गर्न नसक्ने हुँदा यसमा सम्भावना छैन । | यदि यसले सर्वाधिक मत पाउने हो भने पद-क्रम नियम बेगर पनि उत्तिकै काम गर्ने प्रत्याभूति छ । | क्रम निर्धारण पहिले नै निश्चित गर्न नसक्ने हुँदा यसमा सम्भावना छैन । | क्रम निर्धारण पहिले नै निश्चित गर्न नसक्ने हुँदा यसमा सम्भावना छैन । | क्रम निर्धारण पहिले नै निश्चित गर्न नसक्ने हुँदा यसमा सम्भावना छैन । |

"समानताका लागि प्रारूप: निर्वाचन प्रणाली र लैङ्गिक कोटाको सर्वोत्तम, साधारण र अनुपयुक्त सम्मिश्रण" बाट © International IDEA 2007 www.idea.int